आ.व. २०७९/८० को
वार्षिक नीति, कार्यक्रम र बजेट

राइनास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तीनपिप्ले, लमजुङ, गण्डकी प्रदेश, नेपाल

आ.व. २०७९/८० को
वार्षिक नीति, कार्यक्रम र बजेट

राइनास नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तीनपिप्ले, लमजुङ, गण्डकी प्रदेश, नेपाल

फोन नं : ९८५६०१३११५, ९८५६०१३१११

ईमेल : rainasmunicipality@gmail.com

वेव साईट : https://rainasmun.gov.np

संरक्षकः

श्री खड्ग बहादुर गुरुङ, प्रमुख
श्री पुष्प राज खनाल, उपप्रमुख

सम्पादन :

श्री गोकर्ण राज सुयल, प्रमुख प्रशासकीय अधिकृत
श्री पूर्ण बहादुर नेपाली, शाखा अधिकृत
श्री नविन कुमार बराल, लेखा अधिकृत
श्री सर्मिला अधिकारी, शाखा अधिकृत
श्री सिजन देवकोटा, सूचना प्रविधि अधिकारी

सहयोगी कर्मचारीहरूः

श्री राम कुमार नेपाली, प्राविधिक सहायक
श्री बिष्णु प्रसाद आचार्य, सहायक कम्प्युटर अपरेटर
श्री सञ्जय खनाल, कार्यालय सहयोगी

प्रकाशक : राइनास नगरपालिका
तीनपिप्ले, लमजुङ
फोन : ९८५६०१३११५, ९८५६०१३१११
ईमेल : rainasmunicipality@gmail.com
वेव साईट : https://rainasmun.gov.np

शुभकामना

नेपालको संविधान अनुसार स्थानीय तहको रुपमा घोषित यस नगरपालिका ऐतिहासिक, धार्मिक एवं पर्यटकीय हिसावले महत्वपूर्ण रहेको छ। स्थानीय तहको घोषणसँगै विकासको गतिमा अगाडी बढ्दै प्रथम निर्वाचन मार्फत निर्वाचित जनप्रतिनिधिबाट शासन, सेवा र विकासको ५ वर्षे अध्याय समाप्त हुदै गर्दा हामीले पदभार ग्रहण गरेका छौ। निर्वाचनमा सहभागी हुदै गर्दा नागरिकबाट खानेपानी, शिक्षा, स्वास्थ्य, सडक लगायतका विविध पक्षहरुमा पेश भएको सुझाव एवं गुनासोलाई दशौ नगरसभामा मैले पेश गरेको नीति एवं कार्यक्रममा समावेश गर्ने प्रयास गरेको छु। संघ, प्रदेश सरकार र स्थानीय स्रोत परिचालनबाट प्राप्त ५९ करोड ३९ लाखको बजेट सिलिङबाट जनताका हर प्रकारका आवश्यकता र सम्भावनालाई पुरा गर्न नसकेकोमा क्षमा प्रार्थी छु । विकास निरन्तर चल्ने प्रक्रिया हो आगामी दिनमा जनताका माग र आवश्यकतालाई प्राथमिकता निर्धारण गरी पुरा गर्ने प्रतिवद्धता गर्दछु।

सीमित स्रोतका वावजुद दशौं नगर सभाबाट हामीले कृषिलाई प्राथमिकतामा राखी उत्पादनमा आधारित नगद अनुदान, कृषि पूर्वाधार र पकेट क्षेत्र निर्धारण, रणनीतिक महत्वका सडक एवं पदमार्ग, खानेपानी, सिंचाई, उर्जा लगायतका क्षेत्रमा बजेट प्राथमिकता साथ प्रस्ताव गरिएको छ । संस्कृति, पर्यटन, महिला सशक्तिकरण क्षेत्रमा समेत उल्लेखीय बजेट प्रस्ताव गरिएको छ । यसबाट विकासका विविध क्षेत्रको पूर्वाधारको आधार तयार हुनेछ।महिला, जनजाती, अपाङ्गता भएका एवं द्धन्द पिडीत व्यक्तिहरुको सशक्तिकरण र सवलीकरणमा योगदान पुग्ने विश्वास लिएको छु।

दशौ नगरसभाबाट घोषित विकासका थुप्रै विधाहरुको गतिविधिहरुलाई विधिसम्मत रुपमा लयमा अगाडी बढाउन शासन, सेवा र विकासका थुप्रै क्षेत्रमा परिमार्जन जरुरी छ।विकासमा जनसहभागिता, गुणस्तरीय विकास, विकासमा समान पहुँच, सरल र छरितो सेवा प्रवाहको लागि नीतिगत, संस्थागत, प्रक्रियागत र प्रवृत्तिजन्य सुधारको टड्कारो आवश्यकता महसुस भएको छ।हिजो कै कार्यशैली, सोच र क्षमताबाट नगरबासीका वदलिदो चाहाना पुरा गर्न सकिदैन भन्ने भावनालाई मनन गरी विकासका सबै हिस्सेदारबाट सामुहिक सक्रियता र सहभागिता हुनुपर्ने महसुस भएको छ।

वजेट तर्जुमा एवं कार्यन्वयनको परम्परागत ढाचाँमा फड्को मार्ने प्रयास भएको छ। यसको कार्यन्वयन मार्फत सन्तुलित वातावरण अनुकुल, गुणस्तरीय र दिगो विकासको अभियानलाई अगाडी बढाउन सवैको योगदान, सक्रिय सहभागिता र रचनात्मक सुझावको अपेक्षा गर्दछु।

यो वजेट तर्जुमा र कार्यन्वयनमा प्रत्यक्ष सहभागी हुनु हुने उपप्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजकज्यू, कार्यपालिका सदस्यज्यूहरु, नगर सभाका सदस्यहरु, राजनीतिक दल, बौद्धिक जगत, आम संचार र नगरबासी सवैलाई हृदय देखी नै आभार व्यक्त गर्न चाहान्छु । सदा झै सक्रिय सहभागिता र सुखद सहयात्राको शुभकामना प्रकट गर्दछु।

खड्ग वहादुर गुरुङ
नगर प्रमुख

शुभकामना

नेपाली जनताको लामो त्याग, वलिदान, संघर्ष, जनयुद्ध लगायतका आन्दोलन मार्फत प्राप्त संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्थामा नागरिकको घर अगाडीको सरकारको रुपमा स्थापित राइनास नगरपालिकाको दशौ नगरसभामा नगर उपप्रमुखको रुपमा वजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा खुसी लागेको छ।

हामीले निर्वाचनमा सहभागी हुदै गर्दा नगरवासीको विकास प्रतिको चाहनामा मलमपट्टी लगाउने प्रतिवद्धता गर्दा गर्दै आज दशौ नगर सभामा बजेट प्रस्तुत गर्दा नागरिकका सबै प्रकारका विकासका आवश्यकता पुरा हुने गरी बजेट विनियोजन गर्न सकिएन। सीमित स्रोतलाई प्राथमिकता प्राप्त क्षेत्रमा विनियोजन गरी आधारभूत पुर्वाधार विकासको आधार तयार हुने विश्वास लिएको छु। वडाका मुख्य सडकलाई बाह्रै महिना चल्ने गरी स्तरोन्नती गर्न, एक घर एक धारा, उत्पादनमा आधारित नगद प्रोत्साहन, पर्यटन पूर्वाधार निर्माण, वडा कार्यालय भवन निर्माण, सामुदायिक भवन निर्माण गर्ने कार्यबाट पूर्वाधार विकास, सन्तुलित विकास, कृषिमा आधुनिकीकरण हुनेछ । यसबाट रोजगारी सृजना हुदै आयआर्जनमार्फत गरिवी निवारणमा टेवा पुग्नेछ।

सीमित स्रोतबाट प्राथमिकता प्राप्त क्षेत्रमा बजेट व्यवस्था गर्नु मात्र प्रधान विषय होइन यसलाई समयमा गुणस्तर सुनिश्चित गरी व्यवहारिक कार्यन्वयन गर्ने कार्य चुनौतीपूर्ण छ। विकास निर्माण, सेवा प्रवाहमा जनसहभागिता सुनिश्चित गरी संघन र नियमित अनुगमनबाट गुणस्तर सुनिश्चित गर्ने कार्य चुनौतीपूर्ण बन्दै गएको छ। लामो खरिद एवं निर्माण प्रक्रिया, दक्ष जनशक्तिको अभाव, उच्च मुल्यवृद्धि, कर्मचारी प्रशासनको क्षमता पर्याप्त नहुदाँ लामो समय देखिको विकास प्रशासनका समस्याहरु पुन दोहोरिने सम्भावना उत्तिकै छ। बजेट तर्जुमा प्रक्रियामा जस्तै वडा एवं वस्तीस्तर देखिको नागरिकको सक्रियता, चासो र सरोकार योजना तथा कार्यक्रम कार्यन्वयनमा समेत रहनेछ भन्ने विश्वास लिएको छु। बजेट तथा कार्यक्रम तर्जुमा संलग्न भई सुझाव एवं पृष्ठपोषण दिनु हुने सम्पूर्ण राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि, बौद्धिक जगत, आमसंचार, उद्यमी व्यवसायी, जनप्रतिनिधिज्यूहरु र सम्पूर्ण नगरबासीमा हार्दिक आभार व्यक्त गर्दछु।

बजेट तर्जुमा एवं कार्यन्वयनमा प्रत्यक्ष संलग्न हुनु हुने आदरणीय नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजकज्यूहरु, कार्यपालिका एवं नगरसभाका सदस्यज्यूहरु, कर्मचारी मित्रहरुमा हार्दिक आभार व्यक्त गर्दछु। सवैलाई विगतमा झै राइनास नगरपालिकाको साझा चासो र हित प्रवर्द्धन गरी निरन्तर विकास र असल सेवा प्रवाहको यात्रामा जोडिन समेत अनुरोध गर्दछु।

पुष्प राज खनाल
उप-प्रमुख

शुभकामना

संघीयताको आधारस्तम्भको रुपमा रहेको स्थानीय तह राइनास नगरपालिकाले पाँचौ वसन्तपार गर्दै छैटौ वर्षमा प्रवेश गरेको छ। यो अवधिमा प्रथम निर्वाचित सरकारले ५ वर्षे कार्यकाल पुरा गरी दशौ नगर सभाको जिम्मेवारी जनमतबाट प्रत्यक्ष निर्वाचित सरकारले सम्हाल्न पुगेको अवस्था छ। विगत ५ वर्षमा नगरका आधारभूत आवश्यकता पहिचान गर्ने, प्रारम्भिक विकासका कार्यहरु सम्पादन भएका छन्। सार्वजनिक सेवा प्रवाहकोस्तर समेत प्रारम्भिक कालमा रहेको छ।

विगतका सरकारबाट सम्पादन भएका असल कार्यहरुलाई अनुसरण गर्दै विकास एवं सेवाको नयाँ भाष्य र मापदण्ड बनाउनु अपरिहार्य भइसकेको छ। दशौ नगर सभामा वजेट तथा कार्यक्रम पेश गर्दै गर्दा वजेट एवं कार्यक्रमलाई विधिसम्मत, वैज्ञानिक र व्यवहारिक वनाउने प्रयास भएको छ। बजेट तर्जुमा गुणात्मक फड्को मारेको अनुभूति भएको छ।कृषिमा आधुनिकीकरण मार्फत कृषि पेशामा रुपान्तरण, प्रत्येक वडामा दिगो पूर्वाधार विकास, शैक्षिक गुणस्तर सुधार, सार्वजनिक सेवा प्रवाहमा सुधार गर्ने गरी बजेटलाई प्राथमिकिकरण गरिएको छ। यसबाट भुई मान्छेको आयस्तरमा वृद्धि भई समृद्धि हासिल हुनेछ। गरिवी निवारणमा टेवा पुग्नेछ। नीति एवं कार्यक्रमले लिएका परिमाणत्मक र गुणात्मक लक्ष्यहरु पुरा गर्न नीतिगत, संस्थागत, प्रक्रियागत र व्यवहारगत सुधारको आवश्यकता पर्दछ।नागरिकको जनमतको आवज वोक्ने जनप्रतिनिधिलाई विधि सम्मत आफ्ना एजेण्डाहरु कार्यन्वयनमा लैजान संस्थागत क्षमतामा सुधार गर्नुपर्नेछ। विकासका कयौ घुम्तिहरुमा गुणस्तर, वातावरण अनुकुल दिगो एवं सन्तुलित विकासमा निरन्तर वहस पैरवी नगरी धरै छैन।नकरात्मक सोच र कुण्ठाले भरिएको मनोविज्ञानमा सकरात्मक सोच, विश्वास एवं भरोसाको प्रत्यारोपण गरी एकीकृत रुपमा परिचालित हुने कार्य आफैमा पेचिलो वन्न पुगेको छ।

यी विषम अवस्थामा स्थानीय सरकारका नीति एवं कार्यक्रम कार्यन्वयन गरी विकास र सेवा प्रवाहमा अनुभुति एवं अनुकरण गर्न लायक विकासका विधी एवं थिती वसाल्न विगतमा झै सबै राजनीतिक दल, नागरिक समाज, उद्यमी व्यवसायी, जनप्रतिनिधी र आम नगरवासीको सक्रिय सहभागिता र सचेत प्रयत्न आवश्यक छ भने हिजोकै लय, गति र प्रवृत्तिमा आजका नागरिकलाई सेवा प्रवाह मार्फत सन्तुष्टि दिन सकिदैन भन्ने कर्मचारी मित्रहरुले समेत वुझन जरुरी छ।जनताको घर आगनको सरकारका नीति तथा कार्यक्रमलाई शत प्रतिशत कार्यन्वयनमा लैजान कयौ घुम्तिहरुमा कर्मचारी आफै वदलिन आवश्यक छ भने कयौ ठाउँमा विकासका अन्य साझेदारलाई वदल्नु जरुरी छ।कर्मचारी तथा जनप्रतिनिधीको क्षमता विकास, शासकीय साझेदारको क्षमता विकास, विधी र पद्धतिको सामुहिक पर्यत्नबाट नै नगरवासीका आंकाक्षाहरु पुरा हुनेछ। यसै तर्फ हाम्रो स्रोत साधनहरु आगामी दिनमा प्राथमिकताका साथ परिचालन गरिनु पर्दछ।प्रशासनिक नेतृत्वको हिसावले म सबै कर्मचारीलाई उच्च मनोवलका साथ हिजो भन्दा अझ थप पर्यत्न गर्न र सबै सरोकारवालालाई साथमा लिएर अगाडी वढ्न प्रर्यत्नशील रहन अपिल गर्दछु।

अन्त्यमा बजेट तथा कार्यक्रम तर्जुमा निरन्तर मार्ग दर्शन गर्नुहुने, सक्रिय सहभागी हुनु हुने आदरणीय नगर प्रमुखज्यू, उप प्रमुखज्यू लगायत सबै जनप्रतिनिधिज्यूहरु, शाखा प्रमुख लगायत सबै कर्मचारीमित्रहरु प्रति आभारी छु।असल पर्यत्नको यो यात्रामा उच्च मनोवलका साथ अगाडी वढ्न सक्नुहोस भन्ने शुभकामना समेत दिन चाहन्छु।

गोकर्ण राज सुयल
प्रमुख प्रशासकीय अधिकृत

विषय-सूची

१. संक्षिप्त बस्तु स्थिती १

२. भौगोलिक तथा प्रशासनिक अवस्था १

३. नगरपालिकामा समावेश भएका वडाहरु १

४. भू उपयोग सम्बन्धी विवरण २

५. शैक्षिक संस्था सम्बन्धी विवरण २

६. स्वास्थ्य संस्था सम्बन्धी विवरण २

७. मुख्य पर्यटकीय स्थलहरु ३

८. मुख्य साँस्कृतिक चाडपर्वहरु ३

९. बसोबास गर्ने जातजातीहरु ३

आ.ब. २०७९/८० को नीति तथा कार्यक्रम ४

आर्थिक ऐन, २०७९ २३

अनुसुची-१ : आ.व. २०७९/८० को विभिन्न सिफारिस, दरखास्त फारम दस्तुर, घर नक्शा पास दस्तुर, कान्जी हाउस दस्तुर, फोहोरमैला संकलन तथा सरसफाई शुल्क, सवारी पार्किङ शुल्क, वार्षिक सवारी कर, प्राकृतिक स्रोत उपयोग कर, विज्ञापन कर, घर बहाल कर, पर्यटन शुल्क सम्बन्धी विवरण २५

अनुसुची-२ : आ.व. २०७९/८० को व्यवसाय दर्ता, नविकरण र व्यवसाय कर सम्बन्धी विवरण ३३

अनुसुची-३ : आ.व. २०७९/८० को विभिन्न सडकले छोएका आसपासका जग्गाको न्युनतम मूल्याङ्कन दर ४०

अनुसुची-४ : आ.व. २०७९/८० को सम्पत्ति कर (मालपोत तथा घरजग्गा सम्पत्तिको मूल्याङ्कनको आधारमा) दर रेट ४७

विनियोजन ऐन, २०७९ ४९

आन्तरिक आय अनुमान ५०

आय अनुमान ५१

व्यय अनुमान ५१

संघिय सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान, समपुरक अनुदान, बिषेश अनुदान अन्तरगतका कार्यक्रमहरु ६६

गत वर्षको दायित्व सृजना भएका आयोजनाहरु ७५

श्रोत अनुसार वार्षिक बजेट तथा कार्यक्रमको विवरण ७७

नगर कार्यपालिकाका निर्वाचित पदाधिकारीहरुको विवरण १०४

नगरसभाका सदस्यहरुको नामावली १०५

नगर कार्यपालिका अन्तर्गतका समितिका पदाधिकारीहरु १०७

नगरपालिका, वडा कार्यालय र स्वास्थ्य चौकीहरुमा कार्यरत कर्मचारीहरुको विवरण १०८

१. संक्षिप्त बस्तु स्थितीः

सिमानाः

पूर्वः सिरानचोक गाउँपालिका गोरखा

पश्चिमः सुन्दरबजार नगरपालिका र भानु नगरपालिका तनहुँ

उत्तरः दोर्दी गाउँपालिका र दुधपोखरी गाउँपालिका लमजुङ

दक्षिणः पालुङटार नगरपालिका गोरखा र भानु नगरपालिका तनहुँ

२. भौगोलिक तथा प्रशासनिक अवस्थाः

क्षेत्रफलः ७१.९७ वर्ग कि.मि.

अक्षाशः २८००३'२१.४९ N देखि २८०१०'१५.५१ N

देशान्तरः ०४.७१" E देखि ८४०३३' १५" E

औषत तापक्रमः ० डिग्री सेन्टीग्रेड (पुष, माघ) देखि अधिकतम 32 डिग्री सेन्टीग्रेड (बैशाख)

औषत बर्षाः कम्तिमा ३ मि.मि (कार्तिक, मंसिर, पुष, माघ) देखि वढिमा १२९ मि.मि.(असार, श्रावण)

हावापानीः समशितोष्ण

जनसंख्याः १७,२१४

केन्द्रः साविकको चक्रतीर्थ गा.वि.सको तीनपिप्ले

वडा संख्याः १०

३. नगरपालिकामा समावेश भएका वडाहरुः

नयाँ वडा नं.	समावेश गा.बि.स/न.पा.	क्षेत्रफल (वर्ग कि.मि)
१	राइनास (१०)	४.४८
२	राइनास (९)	५.९१
३	राइनास (८)	८.०८
४	राइनास (७)	३.७
५	राइनास (६)	४.२
६	राइनास (४,५)	८.३७
७	राइनास (३)	६.६५
८	राइनास (१,२)	९.७६
९	राइनास (१३,१४)	१०.२१
१०	राइनास (११,१२)	१०.५३
जम्मा		७१.९७

४. भू उपयोग सम्बन्धी विवरणः

क्र.स.	विवरण	क्षेत्रफल (हेक्टरमा)	प्रतिशत
१	कृषि क्षेत्र	३७४७.८१	५१.३४
२	बन क्षेत्र	२५८८.५१	३५.४६
३	आवास औद्योगिक तथा सडक क्षेत्र	६६५.७६	९.१२
४	नदीनाला तथा ताल तलैयाले ओगटेको क्षेत्र	७६.७६	१.०५
५	बालुवा	८२.८७	१.१४
६	बुट्यान, झाडी	८६.१४	१.१८
७	घाँस भएको क्षेत्र	५०.१७	०.६९
८	अन्य	२.२१	०.०२

५. शैक्षिक संस्था सम्बन्धी विवरणः

क्र.स.	बिवरण	सामुदायिक	संस्थागत	कुल जम्मा	प्रतिशत
१	बाल बिकासमात्र	३	०	३	७%
२	आधारभूत बिद्यालय (०-३)	७	१	८	१८%
३	आधारभूत बिद्यालय (०-५)	१४	१	१५	३८%
४	आधारभूत बिद्यालय (०-८)	१	३	४	८%
५	माध्यमिक बिद्यालय (०-१०)	३	०	३	९%
६	माध्यमिक बिद्यालय (०-१२)	८	०	८	२०%
	जम्मा	३६	५	४१	१००%

६. स्वास्थ्य संस्था सम्बन्धी विवरणः

क्र.स.	विवरण	संख्या	कैफियत
१	सामुदायिक अस्पताल	१	
२	नगर अस्पताल	१	निर्माणधिन
३	स्वास्थ्य चौकी	६	
४	आधारभूत स्वास्थ्य केन्द्र	४	
५	सहरी स्वास्थ्य केन्द्र	१	
६	बर्थिङ सेन्टर	३	
७	खोप केन्द्र	१०	
८	फार्मेसी	८	

७. **मुख्य पर्यटकीय स्थलहरुः**

राइनासकोट, मोहोरियाकोट, जोगी गुफा, चक्रतिर्थधाम, शिव गुफा (ढुन्डुर), भलायखर्क जलवायू अनुकुलन बस्ति, बोराङखोला-चेपेघाट दोभान, प्यारजुङ गोरखनाथ, भलायखर्क कालिका मन्दिर, नयाँपौवा, धमिलीकुवा सर्वोदय सेवाश्रम र धर्मनाथ धाम आदि।

८. **मुख्य साँस्कृतिक चाडपर्वहरुः**

दशै, तिहार, ल्होसार, जनैपूर्णिमा, गाईजात्रा, शिवरात्री, माघेसक्रान्ति, ठूलो एकादशी, चैते दशै, हरितालिका तीज आदि।

९. **बसोबास गर्ने जातजातीहरुः**

गुरुङ्ग, क्षेत्री, ब्राह्मण, कामी, तामाङ, सार्की, दमाई, नेवार, घर्ती/भुजेल, मगर, कुमाल, ठकुरी, सन्यासी, मुस्लिम आदि।

आ.ब. २०७९/८० को नीति तथा कार्यक्रम

(नगर प्रमुखज्यूले दशौं नगरसभामा पेश गर्नुभएको नीति तथा कार्यक्रम)

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले गरेको लामो र गौरवपूर्ण ऐतिहासिक जनआन्दोलन लगायतका अन्य संघर्षहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु, बेपत्ता, घाइते योद्धाहरु र पीडितहरु प्रति सर्वप्रथम उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु। साथै पहिलो र दोश्रो चरणको कोभिड-१९ को माहामारीमा परिवारका सदस्य गुमाएका परिवारजनहरुप्रति हार्दिक समवेदना व्यक्त गर्दै संक्रमणबाट गुज्रीरहेका सबैमा शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु। कोभिड-१९ को माहामारीबाट प्रभावित आर्थिक सामाजिक क्षेत्रका गतिविधिलाई गतिशिल बनाउने र विश्व अर्थतन्त्रमा लगानी र बजारमुल्यमा आएको उतारचढाव र अस्थिरता, इन्धन मूल्यमा आउन सक्ने अस्वभाविक वृद्धि र जलवायु परिवर्तनको असर नेपाली अर्थतन्त्रमा समेत परेकोले अर्थतन्त्रको पुनरुत्थान समेतलाई दृष्टिगत गरी आज आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम लिएर यहाँहरु बीच सार्वजनिक गर्न उपस्थित भएको छु। संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछि नेपालको संविधान बमोजिम २०७९ बैशाख ३० गते निर्वाचित हामी जनप्रतिनीधिहरुको दोस्रो कार्यकालको जिम्मेवारी ग्रहण गरेका छौं । नेपालकै ऐतिहासिक धरोहर बोकेको राइनास नगरपालिकाद्धारा आयोजित यस प्रथम नगरसभामा नगर प्रमुखको हैसियतले आ. व. २०७९/८० को वार्षिक नीति तथा कार्यक्रमलाई सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै खुशी छु । यस ऐतिहासिक गरिमामय समारोहमा उपस्थित उप–प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण सभासद्हरु, विभिन्न विषगत शाखा प्रमुखहरु लगायत कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु, नियमित नीति र कार्यक्रमहरुलाई नजिकबाट नियालिरहनु हुने सबै नगरबासी आमा बुबा, दाजुभाई, दिदीबहिनीहरु प्रति समेत राइनास नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

नगर सभासदज्यूहरु,

नेपालको ऐतिहासिक, धार्मिक, प्राकृतिक, सांस्कृतिक पहिचान सहितको लमजुङ जिल्लामा अवस्थित राइनास नगरपालिका अत्यन्तै सम्भावनायुक्त भएपनि अपेक्षाकृत विकासको अभियान अगाडि बढाउन सकिएको छैन।कोभिड-१९ र त्यसको दीर्घकालिन असरका कारण देखापरेको विकास निर्माण, शिक्षा, स्वास्थ्य, उत्पादन, वितरण र सेवा प्रवाहमा देखिएका चुनौतिहरु सामना गर्न संघ, प्रदेश र स्थानीय सरकार जुटिरहेको यस विषम परिस्थितिमा हामीले आगामी आ.व.को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेका छौं । स्थानीयस्तरको विकास र समृद्धिका लागि सबै प्रकारका विभेद, बञ्चितिकरण र असमानताको अन्त्य गरी नगरवासिहरुमा समन्यायिक, समतामूलक र समृद्ध समाज निर्माण गर्न राइनास नगरपालिका प्रतिबद्ध रहेको छ । स्थानीय नागरिकको विकासको चाहना, जननिर्वाचित प्रतिनिधि मार्फत मुखरित जनभावना र विज्ञ तथा सरोकारवालाहरुले दिएको सुझावहरुलाई आत्मसात गरी संघ, प्रदेश र आन्तरिक आय समेतको उपलब्ध श्रोत साधनहरुको विनियोजन कुशलता र कार्यान्वयनमा दक्षता अभिवृद्धि गर्दै नगरपालिकाको आ. व. २०७९/८० को नीति तथा कार्यक्रम तय गरी गरीमामय सभामा प्रस्तुत गर्दैछु।

नगर सभासदज्यूहरु,

यो ऐतिहासिक अवसरमा सम्मानित सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा विगतका नगर प्रमुख, उप प्रमुख लगायतका जनप्रतिनिधीबाट सम्पादन भएका सफल कामहरुको उच्च मूल्याङ्कन गर्दै हार्दिक आभार व्यक्त गर्दछु। उहाँहरुले स्थापित गर्नुभएको शासन, सेवा र विकास सम्बन्धि मूल्य मान्यतालाई सुधार गर्दै राइनासको दिगो विकासको यात्रा अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछु।

नगर सभासदज्यूहरु,

नेपालको संविधान, प्रचलित कानून तथा नेपाल सरकार, प्रदेश सरकारको आ. व. २०७९/८० को नीति तथा कार्यक्रम र बजेटका प्राथमिकताहरु नै आवश्यकता पहिचानका मुख्य आधारकारुपमा लिइएकोछ। कृषिमा व्यवसायिकिकरण, आधुनिकीकरण, दिगो र गुणस्तरीय पूर्वाधार, स्वास्थ्य, शिक्षा, खानेपानीमा सबैको पहूँच, उत्पादन र रोजगारी प्रवर्द्धन मार्फत गरिबी निवारणलाई प्राथमिकतामा राखी नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु। संघ र प्रदेश सरकारसंगको समन्वय र सहकार्यको आधारमा आवश्यक स्रोत तथा साधन विनियोजन गर्दै कार्यन्वयनमा जानुपर्ने आजको आवश्यकता रहेको छ। सिमित स्रोतबाट बढ्दो विकास प्रतिको चाहना र निर्वाचनमा हामीले गरेका प्रतिवद्धताहरु क्रमश: पुरा गर्न यो नीति तथा कार्यक्रमले सम्बोधन गर्नेछ भन्ने विश्वास लिएको छु।

नगर सभासदज्यूहरु,

अब म चालु आ. व. २०७९/८० को क्षेत्रगत नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु।

आर्थिक क्षेत्र

१. कृषि क्षेत्रलाई नगरपालिकाको विकासको प्राथमिक क्षेत्रको रुपमा अगाडि बढाइने छ। कृषि क्षेत्रको उत्पादन लागत घटाउन, उत्पादकत्व बढाई बजार सुनिश्चित गरी कृषि पेशालाई मर्यादित एवं व्यवसायिक पेशाको रुपमा विकास गर्न उत्पादनमा आधारित अनुदान, यान्त्रिकरण, सामुहिक खेती प्रणाली, कृषि एवं पशु विमा कार्यक्रम, कृषि उपज संकलन केन्द्र, रैथाने वाली संरक्षण कार्यक्रम, नश्ल सुधार कार्यक्रम, एक वडा एक कृषि प्राविधिक, एक गाऊँ एक उत्पादनको अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

२. एक वडा एक प्रमुख खाद्यान्न बाली र पशुपालनलाई अभियानकै रुपमा सञ्चालन गर्न वडा नं. १, २, ३ र ४ को राइनासटार सिंचाई नहर माथिको क्षेत्रलाई मकै, बाख्रापालन, कोदो र तल्लो क्षेत्रलाई दुध, धानवाली उत्पादन, वडा नं. ५ लाई दुध, धानवाली र मसलावाली वडा ६, ७ र ८ लाई धानवाली, दुध उत्पादन, बङ्गुर पालन, मत्स्य पालन र वडा नं. ८ को उपल्लो क्षेत्र एवं वडा नं. ९ र १० लाई बाख्रा, मौरी, कोदो र फलफूलको पकेट क्षेत्र घोषणा गरी संघन कृषि कार्यक्रम सञ्चालन गरिने छ। मकै, कोदो र वाख्रापालन व्यवसायलाई विस्तार गर्न नगरपालिकाको उपल्लो क्षेत्रलाई पकेट क्षेत्रको रुपमा विस्तार गरिनेछ।

३. कृषि अनुदानलाई प्रत्यक्ष उत्पादनसँग आवद्ध गराउन र अवास्तविक कृषकले अनुदान पाउने प्रवृत्तिलाई निरुत्साहित गर्न परीक्षणको रुपमा दुध उत्पादनमा प्रति लिटर रु. ३ र कोदो उत्पादनमा परिमाणको न्युनतम बजार मुल्यमा अधिकतम २५ प्रतिशत सम्म नगद अनुदान दिइनेछ । पशुपालक कृषकहरुलाई लक्षित गरी दशै तिहार हाट बजार कार्यक्रम आयोजना गरिनेछ तथा उक्त हाट बजारमा खसि बोका भेडा विक्रि गर्दा प्रति किलो रु. २० अनुदान प्रदान गरिने छ।सोही अनुसार आगामी वर्षहरुमा कुखुरा, वंगुर र माछा लगायतका पशुपालक कृषकहरुलाई समेत यस्तै प्रकारका उत्पादनमा आधारित अनुदान कार्यक्रम थप गरिदै लगिनेछ।

४. भूमिको उत्पादन र उत्पादकत्व बढाउन भूमिको अव्यवस्थित खण्डिकरणलाई निरुत्साहित गर्दै व्यवस्थित एवं वैज्ञानिक चक्लावन्दीलाई प्रोत्साहन गर्न भुउपयोग नीति कार्यान्वयनमा ल्याइनेछ। वडा नं. ५ मा नमूनाको रुपमा खेतियोग्य जमिनको वैज्ञानिक चक्लावन्दी कार्यक्रम सञ्चालन गरिनेछ । भौगोलिक विविधतामा रहेका प्राकृतिक श्रोत संसाधन जैविक विविधता तथा औषधीजन्य प्राकृतिक जडिवुटीहरुको पहिचान, संरक्षण र प्रवर्धन गर्ने नीति

अवलम्बन गरिने छ।

५. जग्गा भएका तर खेती नगर्ने जग्गा धनीलाई आफैं खेती गर्न, जग्गा भाडामा दिन तथा सामूहिक खेती गर्न प्रोत्साहन गरिनेछ । भूमि बैंकको अवधारणा कार्यान्वयन गरी बाँझो जग्गालाई उत्पादनमा जोड्न प्रोत्साहन गरिनेछ।

६. कृषि पेशालाई सम्मानित पेशाको रुपमा विकास गर्न लगानी प्रवर्धन, प्रविधि हस्तान्तरण, रोजगारी सृजना, बृहत पशुपालन एवं कृषि कार्यको लागि सार्वजनिक निजी-सहकारी-नागरिक साझेदारी अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

७. कृषि व्यवसायमा प्रतिस्पर्धा भित्र्याउन, युवाहरुलाई कृषि कार्यमा प्रोत्साहन गर्न विभिन्न पाँच विधामा नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था गरिनेछ।

८. स्वस्थकर पशु आयातलाई प्रोत्साहन गर्न सीमाक्षेत्रमा पशु क्वारेन्टाइन स्थापना गरिनेछ। त्यसका लागि प्रदेश एवं संघसँग समन्वय एवं सहकार्य गरिनेछ।

९. औद्योगिक ग्राम संचालन गर्न आवश्यक पूर्वाधार निर्धारण गरिनेछ । औद्योगिक ग्राम भित्र उद्योग व्यवसाय संचालन गर्न प्रोत्साहन गरिनेछ।

१०. वन पैदावरमा आधारित उद्योग, कृषि उपज प्रशोधन उद्योग, काष्ठकला उद्योग, घरेलु तथा लघु उद्योग विकासका लागि प्रोत्साहन गरिनेछ। बन तथा बनपैदावरको प्रभावकारी उपयोगको लागि उपभोक्ता समितिलाई थप क्रियाशिल एवं जिम्मेवार बनाइनेछ।

११. नगर क्षेत्रभित्रका बेरोजगार युवा जनशक्तिलाई रोजगारी उपलब्ध गराउन हाउस वाइरिङ, प्लम्बिङ, मुढा बुनाई, झोला बुनाई, बुटीक, दुना टपरी उद्योग, काष्ठकलाका सामग्री उत्पादन कार्यलाई प्रोत्साहन गरिनेछ । शेयर बजार सम्बन्धी तालिम र वित्तीय साक्षरता क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

१२. सहकारी संस्थाको जवाफदेहिता र क्रियाशिलता प्रवर्द्धन गर्न एक वडा एक सहकारीको अवधारणा कार्यान्वयनमा ल्याइनेछ। **सहकारीको मन्त्र आत्मनिर्भर अर्थतन्त्र** भन्ने नारालाई सार्थक बनाउन सहकारी क्षेत्रको वचतलाई उद्यमशिलता विकास, उत्पादनमूलक क्षेत्र, कृषि विकास तथा रोजगारी सिर्जनामा परीचालन गर्न प्रोत्साहन गरिनेछ।

१३. गुणस्तरीय वस्तु सुपथ मूल्यमा नियमित रुपमा प्राप्त गर्ने नागरिकको अधिकारलाई सम्मान गर्न बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइनेछ । उपभोक्ता जागरण अभियान तथा उपभोक्ता हित मञ्च गठन गरिनेछ।

१४. सबै प्रकारका उद्योग, व्यवसाय, पेशाको दर्ता नविकरण, नियमन, अनुगमनलाई विधिसम्मत, सहभागितामुलक र व्यवसायमैत्री बनाइनेछ । युवा उधमशिलता विकास गर्न सहुलियत पूर्ण कर्जा, उत्पादनमा आधुनिकीकरण एवं यन्त्रीकरण र बजारिकरणको व्यवस्थापन गरिनेछ।यसको लागि कृषक समूह, सहकारी र निजी बैङ्क तथा वित्तीय संस्थाहरुसँग सहकार्य गरिनेछ ।

पर्यटन क्षेत्र

१५. नगर क्षेत्रभित्रको भौगोलिक विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई आन्तरिक तथा बाह्य पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आय आर्जन र समृद्धिको आधारको रुपमा स्थापित गरिनेछ । त्यसका लागि पर्यटकीय क्षेत्रहरुको पहिचान, संरक्षण, प्रवर्द्धन गर्न नगर पर्यटन गुरुयोजना तर्जुमा, पर्यटकिय क्षेत्रको नक्शाङ्कन,

नविन पर्यटकीय उपजहरुको विकास, पर्यटन पूर्वाधारहरु निर्माण, प्रचार प्रसार गरी एकिकृत पर्यटनको अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

१६. नगरपालिकाको विशिष्ट पहिचानका रुपमा रहेको प्राकृतिक, धार्मिक, साँस्कृतिक र ऐतिहासिक महत्वको रुपमा रहेको राइनासकोट क्षेत्र, शिद्धबाबा क्षेत्र, चक्रतिर्थ धाम, जोगी गुफा, धर्मनाथ धाम, झाक्रीथान, पन्थेडाडा कालिका मन्दिरलाई राइनास नगरपालिकाको विशेष संरक्षित क्षेत्र घोषणा गरी राइनास हेरीटेजको रुपमा विकास गरिनेछ। मुस्लिम समुदायको मदरसा, मस्जिद र कवरस्थानको निर्माण एवं संरक्षण गरिनेछ। विभिन्न जात जातिहरुको विशिष्ट मौलिक जात्रा, पर्व, मेला, भेष भुषा आदि लगायतको संरक्षण प्रवर्द्धन मार्फत साँस्कृतिक पर्यटनको विकास गरिने छ।

नगर सभासदज्यूहरु,

अब म सामाजिक क्षेत्रसँग सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

सामाजिक क्षेत्र

१७. **हाम्रो विद्यालय हाम्रो जिम्मेवारी** भन्ने भावना जागृत गरी स्वच्छ, शान्त, वातावरणमैत्री प्रविधियुक्त गुणस्तरीय शैक्षिक वातावरणमा अध्ययन गर्न पाउने वालवालिकाको अधिकारलाई सुनिश्चित गर्न शिक्षक, विद्यालय व्यवस्थापन समिति र अभिभावक विच नियमित अन्तरसंवाद गर्ने व्यवस्था मिलाइनेछ । विद्यालय हरीयाली कार्यक्रम, सूचना प्रविधीको व्यवस्था, वाल कक्षा कार्यक्रम र अतिरिक्त शैक्षिक क्रियाकलाप नियमित रुपमा सञ्चालन गरिनेछ।

१८. एक वडा अधिकतम एक माध्यमिक विद्यालय अवधारणा कार्यान्वयन गर्न माध्यमिक विद्यालयलाई गाभ्ने र गाभिने प्रक्रियालाई प्रोत्साहन गर्न शैक्षिक सरोकार राख्ने सबै पेशागत संघ संगठन सहितको विज्ञ संलग्न उच्च स्तरीय शैक्षिक क्षेत्र पुनसंरचना समिति गठन गरिने छ।उक्त समितिले दिएको सुझावको आधारमा शैक्षिक पूर्वाधार निर्माण, शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान लगायतका कार्यहरु सम्पादन गरिने छ।

१९. सामुदायिक विद्यालयहरुको गुणात्मक विकासका लागि आवश्यक नीति, पूर्वाधार विकास र शिक्षक एवं विद्यालय प्रशासनको क्षमता अभिवृद्धि गरिनेछ । आर्थिक रुपमा विपन्न, गरिव तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा सम्मको पहुच सुनिश्चिन गर्न आवश्यक पहल गरिने छ । साथै अपाङ्गमैत्री बालमैत्री विद्यालयको अवधारणालाई लागु गर्दै जाने नीति अवलम्बन गरिनेछ । वालमैत्री शासनको अवधारणा अनुसरण गर्दै वालमैत्री नगरपालिका रुपमा राइनास नगरपालिकालाई परिचित गराइनेछ ।

२०. योग्य, सिपयुक्त प्राविधिक जनशक्ति विकासको लागि प्राविधिकधार संचालित विद्यालयहरुको क्षमता विकास गरिनेछ। शैलपुत्री मा. वि., शिशु विद्याश्रम मा. वि. र शौभाग्योदय मा.वि.को प्रयोगशालाहरुलाई क्रमश: नगरपालिकाको पशु विज्ञान, इन्जिनियरीङ र वाली विज्ञान प्रयोगशाला र नमूना प्रदर्शनी स्थलको रुपमा स्तरोउन्नती गरिनेछ ।

२१. मौलिकतामा आधारित कक्षा ६ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२२. एक वडा एक व्यवस्थित खेलमैदान निर्माण कार्यलाई प्रवर्द्धन गरिनेछ । खेल र खेलाडीमा लगानी अभिवृद्धी गरी खेलको माध्यमबाट स्वच्छ प्रतिस्पर्धाको भावना, भातृत्व र नगरपालिकाको प्रतिष्ठा अभिवृद्धि गरिनेछ । त्यसका लागि वडास्तरीय र नगरस्तरीय खेलकुद विकास समिति बनाउने, खेल र खेलाडीहरुको एकिकृत अभिलेख राख्ने, विभिन्न खेलको आयोजना गर्ने, खेलाडीहरुको स्तर निर्धारण गरिनेछ ।

२३. सुनौला हजार दिनका आमा एवं बच्चाको स्वास्थ्यमा सुधार गर्न सन्तुलित पोषण सुनिश्चितताको लागि नगद प्रोत्साहनको व्यवस्था गरिनेछ।

२४. कोभिड १९ बाट प्रभावित नागरिकको जिवन रक्षा गर्न तथा सङ्क्रमण न्युन बनाउन संघीय सरकारको सहयोगमा सबै उमेर समुहका नागरिकहरुलाई कोभिड खोपमा सहज पहुँच पुर्‍याइनेछ।

२५. तार्कुघाट स्वास्थ्य चौकी र धमिलिकुवा स्वास्थ्य चौकीमा रहेको प्रयोगशालालाई स्तरोन्नती गरिनेछ।जेष्ठ नागरिकको आधारभूत उपचार सहितको जेष्ठ नागरिक घरदैलो उपचार सेवा उपलब्ध गराइनेछ ।

२६. संस्थागत प्रसुती सेवालाई विस्तार गरी नागरिकको पहुँचमा पुर्‍याउन स्थापना भएका वर्थिङ सेन्टरलाई थप ब्यवस्थित गरिने तथा ढाड खर्क शहरी स्वास्थ्य केन्द्रलाइ निरन्तरता दिइने छ।महिला स्वयंसेविकालाई प्रोत्साहन, नगर प्रमुख गर्भवती सुत्केरी पोषण प्याकेज, सुत्केरी महिलालाई नगद प्रोत्साहन र स्वास्थ्यकर्मीको साप्ताहिक भेटघाट कार्यक्रम सञ्चालन गरिनेछ।

२७. भौगोलिक अवस्थिति, स्वास्थ्य सेवामा नागरिकको पहुँच र स्वास्थ्यकर्मीको उपलब्धता समेतको अध्ययन गरी प्राथमिकताका आधारमा शहरी स्वास्थ्य केन्द्रको स्थापना गरिनेछ।

२८. नागरिकहरुमा आयुर्वेद सेवाको पहुँच पुर्‍याउन जीवनशैली व्यवस्थापन, आहार विहार व्यवस्थापन, योग, ध्यान र आयुर्वेद सम्बन्धि स्वास्थ्य शिविर र सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ।

२९. नगरपालिकाको आफ्नै एम्बुलेन्स र शव बाहन सञ्चालन गर्न संघ, प्रदेश, सामाजिक संघ संस्थासँग सहकार्य गरिनेछ। नागरिकलाई अत्यावश्यक आकस्मिक स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गरिनेछ।

३०. हाल सरकारले सरकारी विद्यालयमा संचालन गरिरहेको दिवा खाजाको बिस्तार कार्यक्रमलाई निरन्तरता दिई अझ प्रभावकारी बनाउन ६ कक्षा भन्दा माथि संचालित विद्यालयलाई आवश्यकताको आधारमा खाजा ब्यबस्थापन गर्न थप जनशक्तिको ब्यबस्था मिलाईनेछ ।

३१. नागरिकलाई सुलभ र सरल रुपमा स्वास्थ्योपचारको लागि स्वास्थ्य विमा कार्यक्रमलाई विस्तार गरिनेछ। सहोदर सामुदायिक अस्पताललाई प्रथम सम्पर्क अस्पतालको रुपमा विकास गरिनेछ ।साथै दलित, विपन्न तथा अशक्तहरुलाई निशुल्क स्वास्थ्य विमाको व्यवस्था गरिने छ।

सामाजिक सुरक्षा तथा संरक्षण

नगरवासीहरुको जनधनको सुरक्षाको प्रत्याभुत गर्न जिवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षणका देहाय अनुसारका नीति अख्तियार गरिनेछ।

३२. नगर क्षेत्र भित्रका दीर्घ रोगबाट प्रभावित आर्थिक अवस्था कमजोर भइ उपचार गर्न कठिन भएका, प्राकृतिक एवं मानविय कारणबाट सिर्जित प्रकोपमा परी अङ्गभङ्ग भएका नागरिकको उपचारका लागि संघ तथा प्रदेश सरकारबाट सञ्चालित अस्पतालमा निशुल्क उपचारको व्यवस्था मिलाइनेछ। नागरिकको तत्काल उपचारको लागि निश्चित रकम आर्थिक सहायता उपलब्ध गराइनेछ।दम, प्रेसर, सुगर लगायतका दिर्घरोगहरुको लागि आवश्यक ९८ प्रकारका औषधि निशुल्क उपलब्ध गराइनेछ।

३३. राइनास नगरपालिकालाई वालवालिकाको हक हित प्रवर्द्धन, प्रतिभा प्रोत्साहन, ५ बर्ष भित्र बालमैत्री नगरपालिका

बनाउने लक्ष्य सहित यसै बर्षबाट नगरपालिकाका कुनै एउटा वडामा बालमैत्री स्थानीय शासन कार्यक्रम लागु गरिनेछ।

३४. नगरपालिका भित्रका फरक क्षमता भएका व्यक्तिहरुको क्षमता पहिचान गरी तालिम एवं सीप विकास कार्यक्रम मार्फत क्षमता अभिवृद्धि गरी रोजगारी प्रत्याभूत गरी स्वालम्बी बनाइनेछ।

३५. महिला उद्यमशिलता प्रवर्द्धन, रोजगारी सृजना र सम्पत्तिमा महिलाको पहुँच विस्तार गर्नका लागि दुना टपरी, सिस्नोको पाउडर, बाँसको हस्तकलाको सामान उत्पादन सम्बन्धी तालिम, बजारीकरण र उद्योग सञ्चालनको लागि बिउ पुँजीको उपलब्ध गराइनेछ।

३६. जेष्ठ नागरिकहरुको क्षमता, सीप र अनुभवलाई नगरपालिकाको विकासमा प्रयोग गर्न दिवा सेवा कार्यक्रम, जेष्ठ नागरिक मिलन केन्द्र, तनाव व्यवस्थापन तालिम र अन्तरपुस्ता सीप हस्तान्तरण सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ । त्यसै गरि संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले गरेको लामो र गौरवपूर्ण ऐतिहासिक जनआन्दोलन लगायतका अन्य संघर्षहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरु, बेपत्ता भएकाहरुको आश्रित परिवार तथा घाइते योद्धाहरु र पीडितहरुको सम्मान जनक जिवन यापनको लागि सामाजिक सम्मान एवं पुर्नस्थापनाको कार्यक्रमहरु संचालन गरिने छ।

नगर सभासदज्यूहरु,

अब म पूर्वाधार क्षेत्रसँग सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

पूर्वाधार क्षेत्र

३७. नगरपालिकाको मेरुदण्डको रुपमा रहेको चक्रपथलाई स्तरोन्नती गरी क्रमश: कालो पत्रे गरिनेछ। यसका लागि प्रदेश र संघसँग समन्वय र सहकार्य गरिनेछ।

३८. पहाडी क्षेत्रको गौरवको योजनाको रुपमा रहेको राइनासटार सिंचाई आयोजनाको संघ र प्रदेश सरकारको समन्वयन र सहकार्यमा पुन निर्माण गरिनेछ।तत्काल मर्मत गर्नुपर्ने स्थानमा स्थायी संरचना निर्माण गरिने छ। राइनासटार सिचाइ योजनाको शाखा विस्तारको लागि साना सिचाइ तथा कुलो निर्माण कार्यलाइ निरन्तरता दिइने छ।

३९. गुणस्तरीय पिउनेपानीमा सबैको पहुँच पुर्‍याउन दिगो स्रोतको पहिचान, भु सतहको पानीको उत्खनन र लिफ्टिङ प्रविधि प्रयोगमा ल्याइनेछ।साथै एक घर एक धाराको अवधारणा सम्पन्न गरिने छ।

४०. सबै नागरिकमा विद्युत सुविधा पुर्‍याउन नगर विद्युतीकरण कार्यलाई यसै वर्ष भित्र सम्पन्न गरिनेछ।

४१. नगरपालिका भित्रका मुख्य सडक संरचनाहरु स्तरोन्नती गरी बाह्रै महिना सडक सुविधा पुर्याउन पर्याप्त बजेट व्यवस्था गरिनेछ। नयाँ सडक ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ।पाच वर्ष सम्म एकै प्रकारका गौरवको आयोजनामा निरन्तर वजेट विनियोजन गरि देखिने प्रकृतिको पुर्वाधारमा लगानी गरिने छ।

४२. नगरस्तरीय अस्पतालको रुपमा निर्माणाधिन चक्रतिर्थ अस्पतालको निर्माण सम्पन्न गरी आवश्यक पूर्वाधार सहित स्वास्थ्य सेवा सन्चालनको व्यवस्था मिलाइनेछ।

४३. टोल सुधार समिति, आमा समूह, युवा क्लब लगायतका गैर सरकारी संघ संस्थाको निर्माणाधीन भवन निर्माण सम्पन्न गर्न प्राथमिकता दिइनेछ।

४४. उपभोक्ता समितिबाट हुने कामलाई गुणस्तरीय, प्रतिस्पर्धी र दिगो बनाउन गुणस्तरिय एवं प्रभावकारी कार्यसम्पादन गर्ने उपभोक्ता समितिलाई प्रोत्साहन गरिनेछ।

नगर सभासदज्यूहरु,

अब म वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रसँग सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

४५. विकास र वातावरण विच सन्तुलन मिलाउन वातावरणमैत्री संरचना निर्माण गरिनेछ। सडक निर्माण गर्दा वायो इन्जिनियरीङ प्रविधिलाई प्रोत्साहन गरिनेछ।

४६. नगरपालिका भित्रका वन क्षेत्रलाई उत्पादनसँग जोड्नको लागि कृषि वन कार्यक्रम कार्यान्वयन गरिनेछ।वन पैदावरमा आधारित घरेलु तथा साना उद्योग कार्यक्रमलाई जोड दिइनेछ। उत्पादन र आय आर्जन अभिवृद्धि हुने गरी जलवायु अनुकुल वृक्षारोपण कार्यलाई प्रोत्साहन गरिनेछ।

४७. सरकारी, सार्वजनिक जग्गाहरुको एकिकृत अभिलेख तयार गरिनेछ।सार्वजनिक जग्गाहरुको अभिलेखन तथा संरक्षणको अभियान सुरुवात गरिनेछ।

४८. नगरका घना वस्तीका रुपमा विकसित हुँदै गरेका बोराङखोला बजार, सातविसे बजार, तिनपिप्ले बजार, धमिलिकुवा बजार लगायतका बजार क्षेत्रबाट उत्सर्जन भएका फोहोरमैलाहरुको व्यवस्थापनको लागि फोहोरमैलाको वर्गिकरण, पुन प्रयोगको लागि नागरिक, समुदाय र नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। पुन प्रयोगमा नआउने फोहोरमैलाहरुको व्यवस्थापनको लागि अस्थायी स्थल छनौट र आवश्यक पूर्वाधार निर्माणको लागि संघीय सरकार तथा प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

४९. विपद प्रभावित क्षेत्रका नागरिकहरुको शिघ्र उद्धार, राहत, पुनस्थापना र पुन निर्माणको लागि विपद व्यवस्थापन कोषको व्यवस्था गरिनेछ।कोषको रकम निश्चित कार्यविधिका आधारमा विपद पिडित नागरिकहरुको धनजनको सुरक्षाको लागि खर्च हुने व्यवस्था गरिनेछ।विपद पुर्व तयारी, विपद पश्चातको शिघ्र प्रतिकार्य एवं पुनर्स्थापान गर्ने कार्यमा स्थानीय युवा एवं स्वयंसेवी संघ संस्थाहरुको सहकार्यमा विपद ब्यवस्थापनकार्यमा प्रभावकारीता ल्याइनेछ।

नगर सभासदज्यूहरु,

अब म कानून तर्जुमा र कार्यन्वयनसँग सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

कानून तर्जुमा र कार्यन्वयन

५०. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहको एकल अधिकार र तीनै तहका साझा अधिकारको सूचीमा रहेका कार्यक्षेत्रको नियमन, सहजीकरण र प्रवर्द्धनको लागि आवश्यक कानून निर्माण गरिनेछ । नगरपालिकाको शासन सेवा र विकासको यात्रालाई विधि सम्मत, जवाफदेही, उत्तरदायी र पारदर्शी बनाई नागरिकहरुमा सुशासनको प्रत्याभुती गर्न विद्यमान कानुनमा आवश्यक संशोधन र परीमार्जन गरिनेछ।

५१. न्यायिक समितिको कार्यलाई छिटो छरितो सरल एवं प्रभावकारी बनाउन मेलमिलापकर्तालाई अभिमुखिकरण, नियमित वैठक संचालन गर्ने तथा स्थानीयस्तरका विवादहरुलाई मेलमिलाप मार्फत निरुपण गर्ने नीति अवलम्बन गरिने छ।यसका लागि आवश्यक कानुनी राय परामर्श लिइनेछ।

नगर सभासदज्यूहरु,

अब म सार्वजनिक सेवा तथा क्षमता विकाससँग सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

सार्वजनिक सेवा तथा क्षमता विकास

५२. नगरपालिकाको शासन, सेवा र विकासलाई दिगो, गुणस्तरीय र क्षेत्रगत सन्तुलन मिलाउनको लागि नगरपालिकामा स्थायी जन्म भएका विभिन्न संघ, संस्था, पेशा, व्यवसाय र विज्ञता भएका नगरवासीहरु र अन्य शुभेच्छुक विद्वत व्यक्तिहरुको राय, सल्लाह, सुझावको लागि वौद्धिक सम्मेलन गरी समग्र नगर विकासको प्राथमिकता र रोडम्याप तयार गरिनेछ।

५३. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरीतो, पारदर्शी, जवाफदेही, नागरिकमैत्री बनाउन नागरिक वडापत्र, नागरिक सहायता कक्ष, स्तनपान कक्ष, टोकन प्रणाली, सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षण लगायतका व्यवस्थापकीय औजारहरु प्रयोग गरिनेछ। सेवा प्रवाहका सबै प्रकारका गतिविधिलाई नियमन गर्न सबै वडा कार्यालयमा यसै वर्ष सि. सि. टि. भि. जडान गरिनेछ।

५४. उच्च कार्यसम्पादन भएका जनमैत्री सेवा प्रवाह गर्न तल्लीन कर्मचारीलाई पुरस्कृत गरिनेछ भने शैक्षिक गुणस्तर उत्कृष्ट बनाउन खटिएका अब्बल वालविकास, प्रा.वि. र मा.वि. तहका शिक्षक एवं कर्मचारीलाई पुरस्कृत गरिनेछ। त्यस्ता शिक्षक एवं कर्मचारीलाई उत्कृष्ट वर्ष कर्मचारी घोषणा गरिनेछ।

५५. आवधिक योजना तर्जुमा कार्य सम्पन्न गरी निर्दिष्ट क्षेत्रगत विकासका सूचकहरु प्राप्त गर्न बजेट तर्जुमा र खर्च प्रणालीलाई पूर्वानुमान योग्य बनाइनेछ।त्यसका लागि त्रिवर्षिय बजेट प्रक्षेपण, मध्यकालीन खर्च संरचना, लैङ्गिक उत्तरदायी बजेट र आयोजना बैंकको अवधारणालाई कार्यान्वयनमा ल्याइनेछ।

५६. नगरपालिकाको सार्वजनिक प्रशासनलाई छिटो, छरितो, भ्रष्टाचारमुक्त, प्रविधिमैत्री, पारदर्शी बनाई सुशासनयुक्त बनाउन भौतिक पूर्वाधार सुदृढिकरण, डिजिटल सेवा प्रणालीको प्रयोग, कर्मचारी दरवन्दी पुनर्संरचना गर्ने, कार्य विवरण लागु गर्ने, कार्य सम्पादन करार गर्ने, क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र चौमासिक कार्य तालिका घोषणा गरी नतिजामुखी प्रशासनको अवधारणा कार्यान्वयनमा ल्याइनेछ।

५७. सेवा प्रवाहलाई प्रविधीमैत्री बनाउन वेभसाइट स्तरोन्नती, डिजिटल नोटिस वोर्ड, डिजिटल नागरिक सेवा सन्तुष्टि सर्वेक्षणको प्लेटफर्मको व्यवस्था गरिनेछ ।सबै प्रकारका राजश्व र भुक्तानी अनलाइन प्रणालीमा आधारित बनाइनेछ।वडा कार्यालयहरुको सेवा प्रवाहलाई छिटो छरीतो बनाउन आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ।

५८. नगरका निर्वाचित जनप्रतिनिधी र कर्मचारीलाई नागरिक प्रति उत्तरदायी बनाउन नगर प्रमुख नागरिक सम्बाद साप्ताहिक रेडियो कार्यक्रम संचालन गरिनेछ।उप उप्रमुख महिला सम्वाद कार्यक्रम संचालन गरिनेछ ।

५९. त्रैमासिक रुपमा सार्वजनिक सुनुवाइलाई अनिवार्य गरी पारदर्शी सेवा प्रवाहलाई प्रवर्द्धन गरिनेछ। मुख्य बस्तीहरुमा नगर सूचनापाटीको स्थापना र स्थानीय रेडियोसंगको साझेदारी मार्फत नगरका सम्पूर्ण सूचना एवं सन्देशहरु नागरिक समक्ष पुर्‍याइनेछ।

६०. योजनाको गुणस्तर सुनिश्चित गर्न योजनाको निरन्तर र संघन अनुगमनलाई जोड दिइनेछ । उपभोक्ता समितिबाट हुने योजनाको समेत गुणस्तर परीक्षण गरिनेछ।

६१. गैरसरकारी संस्थाको गतिविधिलाई विधिसम्मत बनाउन दर्ता, नियमन, लेखापरीक्षण कार्यलाई अभियानका रुपमा सञ्चालन गरिनेछ।

नगर सभासदज्यूहरु,

अब म राजश्व परीचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

राजश्व प्रणाली तथा कर प्रशासन

नागरिकको विकास प्रतिको उच्च मागलाई सम्बोधन गर्न आवश्यक स्रोत जुटाउन र सबैलाई विकास अभियानको हिस्सेदार बनाउन प्रगतिशिल कर प्रणाली मार्फत आन्तरीक स्रोत अभिवृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्न देहाय अनुसार कराधार तथा कर प्रशासन सुधार सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

६२. मालपोत एवं भूमिकर (सम्पत्ति कर) लाई भूमिको उपयोगिता, पूर्वाधार विकासको अवस्था, भौगोलिक विकटता समेतको आधारमा न्यायोचित सम्पत्ति कर संकलन गरिनेछ।

६३. व्यवसाय करलाई व्यवसायको पूँजी, लगानी, आय, उत्पादन र वातावरणमा पार्ने प्रभाव समेतको आधारमा प्रगतिशिल कर नीति अपनाइनेछ ।सबै प्रकारका पेशा, व्यापार, व्यवसाय र उद्योगलाई करको दायरामा ल्याइनेछ। कर संकलन र कर परिपालनालाई अभिवृद्धि गर्न सेवा प्रवाहलाई कर चुक्तासँग आवद्ध गरिनेछ।

६४. विद्युतीय शासनलाई प्रोत्साहन गर्न कर प्रशासनलाई अनलाइन प्रणालीमा लगिनेछ । भुक्तानी प्रणालीलाई छिटो छरीतो र सोझै सेवाग्राहीको खातामा रकम जम्मा हुने गरी विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयनमा ल्याइनेछ।

६५. वार्षिक रुपमा तिर्नुपर्ने सबै कर अग्रिम भुक्तानी गरेमा छुट दिने व्यवस्था गरिनेछ।

६६. निर्माणमुखी पदार्थको उत्खनन र विक्रि वितरणलाई व्यवस्थित गर्न राजश्व संकलन ठेक्का प्रक्रियाबाट हुने व्यवस्था मिलाइनेछ।निर्माणमुखी पदार्थको संकलन एवं विक्रि वितरण गर्ने व्यवस्थालाई अनिवार्य रुपमा दर्ता हुने र वातावरणीय अध्ययन प्रतिवेदनले सिफरिस गरेको क्षेत्र र परिमाणमा उत्खनन् हुने व्यवस्था मिलाइनेछ।

अन्त्यमा, यस गरिमामय समारोहमा पेश गरिएको नीति तथा कार्यक्रममा सुझाव, पृष्ठपोषण दिनुहुने राजनीतिक दल, पुर्व जनप्रतिनिधिज्यूहरु, पेशाविद, बौद्धिक जगत, विकास साझेदार, उद्यमी ब्यवसायीहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु र सम्पूर्ण नगरवासीहरुलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।संघ तथा प्रदेश सरकार प्रति समेत हार्दिक आभार प्रकट गर्दछु । नीति तथा कार्यक्रम तर्जुमामा प्रत्यक्ष रुपमा संलग्न हुनुहुने उप–प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण सभासद्ज्यूहरु, विभिन्न विषगत शाखा प्रमुखहरु लगायत कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यो नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबै राजनीतिक दल, पूर्व जनप्रतिनिधहरु, कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु र सबै नगरबासी आमा, बुबा, दाजुभाई, दिदीबहिनीहरुबाट सक्रिय एवं सार्थक सहभागिताको अपेक्षा समेत गरेको छु।

धन्यवाद।

खड्ग बहादुर गुरुङ
नगर प्रमुख

आ.ब. २०७९/८० को बजेट तथा कार्यक्रम

(नगर उप प्रमुख ज्यूले दशौ नगरसभामा पेश गर्नुभएको बजेट तथा कार्यक्रम)

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपाली जनताले गरेको लामो र गौरवपूर्ण ऐतिहासिक जनआन्दोलन लगायतका अन्य संघर्षहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछु।विभिन्न लोकतान्त्रिक आन्दोलनमा बेपत्ता, घाइते योद्धाहरु र द्वन्द पीडितहरु प्रति उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु। नेपालको संविधान बमोजिम २०७९ बैशाख ३० गते निर्वाचित हामी जनप्रतिनीधिहरुले दोस्रो कार्यकालको जिम्मेवारी ग्रहण गर्दै दशौं नगरसभामा नगर उपप्रमुखको हैसियतले आ. व. २०७९/८० को वजेट तथा कार्यक्रमलाई सम्मानित सभामा प्रस्तुत गर्न पाउँदा म अत्यन्तै खुशी छु। यस ऐतिहासिक गरिमामय समारोहमा उपस्थित नगर प्रमुख लगायत सम्पूर्ण सभासद्हरु, कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरुलाई हार्दिक स्वागत गर्न चाहन्छु।यस अवसरमा प्रस्तुत हुने वार्षिक वजेट तथा कार्यक्रम श्रवण गर्नुहुने नगरबासी आमा बुबा दाजुभाई, दिदीबहिनीहरु प्रति राइनास नगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु।

सभाध्यक्ष महोदय,

कोभिड-१९ को माहामारीबाट प्रभावित आर्थिक र सामाजिक क्षेत्रका गतिविधिलाई गतिशिल बनाउने र विश्व अर्थतन्त्रमा लगानी र बजारमुल्यमा आएको उतारचढाव र अस्थिरता, अन्तराष्ट्रिय युद्धको कारणले इन्धन मूल्यमा आएको अस्वभाविक वृद्धि र जलवायु परिवर्तनको असर नेपाली अर्थतन्त्रमा समेत परेकोले अर्थतन्त्रको पुनरुत्थान समेतलाई ध्यानमा राखी आज आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम लिएर यहाँहरु बीच सार्वजनिक गर्न उपस्थित भएको छु। स्थानीयस्तरको विकास र समृद्धिका लागि सबै प्रकारका विभेद, बञ्चितिकरण र असमानताको अन्त्य गरी नगरवासिहरुमा सामाजिक न्याय, समतामूलक र समृद्ध समाज निर्माण गर्न राइनास नगरपालिका प्रतिबद्ध रहेको छ। स्थानीय नागरिकको विकासको चाहना, निर्वाचनमा हामीले गरेका प्रतिवद्धता, विज्ञ तथा सरोकारवालाहरुले दिएको सुझावहरु र नगर प्रमुखज्यूले पेश गर्नु भएको नीति तथा कार्यक्रमलाई आत्मसात गरी संघीय अनुदान, प्रदेश अनुदान र आन्तरिक आय परिचालन गरी विनियोजन कुशलता र प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइएको छ।आ. व. २०७९/८० का लागि बजेट तथा कार्यक्रम तय गरी गरीमामय सभामा प्रस्तुत गर्दै छु।

सभाध्यक्ष महोदय,

नेपालको संविधान, प्रचलित कानुन तथा नेपाल सरकार, प्रदेश सरकारको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम र बजेटका प्राथमिकताहरु, स्थानीय निर्वाचनमा गरिएको प्रतिवद्धता र जनभावना नै नगरपालिकाका विकास र समृद्धिका आधारका रुपमा लिइएको छ। कृषिमा आधुनिकरण, उत्पादनमा आधारीत अनुदान, दिगो र गुणस्तरीय पूर्वाधार, स्वास्थ्य, शिक्षा, खानेपानीमा सबैको पहूँच, उत्पादन र स्वरोजगार प्रवर्द्धन मार्फत गरिबी निवारणलाई प्राथमिकतामा राखी बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु। संघ र प्रदेश सरकारसंगको समन्वय र सहकार्यको आधारमा थप स्रोत साधन परिचालन मार्फत नागरिकका तत्कालिन र दीर्घकालिन आवश्यकता पुरा गर्नु पर्ने भएकोले नीति तथा कार्यक्रमले प्राथमिकता निर्धारण गरेका क्षेत्रमा विनियोजन गरेको छु । यो आर्थिक वर्षमा हाम्रा इच्छा, चाहना र आवश्यकताहरु विभिन्न माध्यम मार्फत प्रस्तुत भएका थिए । तर पनि हाम्रा स्रोतमा भएको सीमाका कारणले सबै सम्बोधन हुन सकेनन्। अत: त्यसलाई प्राथमिकिकरण गर्दै योजना वैंकमा समावेश गरी आगामी वजेटले सम्वोधन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दछु।यसबाट विकास प्रतिको नागरिकको चाहना र निर्वाचनमा हामीले गरेका प्रतिवद्धताहरु क्रमश: पुरा हुने विश्वास लिएको छु।

सभाध्यक्ष महोदय,

अब म चालु आ. व. २०७९/८० को क्षेत्रगत बजेट तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु।

आर्थिक क्षेत्र

कृषि क्षेत्रलाई नगरपालिकाको विकासको प्राथमिक क्षेत्रको रुपमा अगाडि बढाइने नीति तथा कार्यक्रमको संकल्पलाई पूरा गर्न देहाय अनुसारको कार्यक्रम प्रस्ताव गरेको छु।

१. एक वडा एक प्रमुख खाद्यान्न बाली र पशुपालनलाई अभियानकै रुपमा सञ्चालन गर्न वडा नं. १, २, ३ र ४ को राइनासटार सिंचाई नहर माथिको क्षेत्रलाई मकै, कोदो र बाख्रापालन र तल्लो क्षेत्रलाई दुध, धानवाली उत्पादन वडा नं. ५ लाई दुध, धानवाली र मसलावाली, वडा ६, ७ र ८ लाई धानवाली, दुध उत्पादन, बङ्गुर पालन र मत्स्य पालन, वडा नं. ८ को उपल्लो क्षेत्र, वडा नं. ९ र १० लाई बाख्रा, मौरी, कोदो र फलफूलको पकेट क्षेत्र घोषणा गरी संघन कृषि कार्यक्रम सञ्चालन गरिने छ। सबै वडाका उपल्लो क्षेत्रमा मकै, कोदो र बाख्रा पालनको पकेट क्षेत्र विस्तार गरिनेछ। त्यसका लागि रु. ६२ लाख विनियोजन गरेको छु।

२. रैथाने वालीको संरक्षण र प्रवर्द्धन गर्ने नीति अनुसार कोदो खेती विस्तारको लागि आवश्यक वजेट व्यवस्थापन गरेको छु। बाँझो जग्गामा व्यवसायिक कोदो खेतीलाई प्रोत्साहन गर्न हाल वडा नं. ९ र १० मा उत्पादन हुने कोदोको न्युनतम मूल्यको अधिकतम २५ प्रतिशत उत्पादनमा आधारित कृषक प्रोत्साहन अनुदान उपलब्ध गराउन रु. ५ लाख बजेट विनियोजन गरेको छु। दशै तिहार लक्षित खसी बोका विक्रि मेलामा खसी बोका विक्री गर्ने किसानलाई प्रोत्साहन गर्न प्रति के.जी. २० रुपैया नगद प्रोत्साहन दिने व्यवस्था मिलाइएको छ। त्यसका लागि रु. ३ लाख वजेट विनियोजन गरेको छु।

३. वडा नं. १ देखि ८ सम्मका तल्लो क्षेत्रमा दुध उत्पादनलाई प्रोत्साहन गर्न प्रतिलिटर रु. ३ नगद प्रोत्साहन गर्न रु. ५ लाख ४० हजार बजेट विनियोजन गरेको छु।

४. राइनासटार वृहत सिंचाई आयोजनाको जिर्णोद्वार तथा सिंचाई पूर्वाधार विस्तारको लागि रु. ४० लाख विनियोजन गरेको छु। प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत सिंचाई नहरको नियमित मर्मत सम्भार हुने व्यवस्था मिलाएको छु।

५. चेपे नदीमा रहेको स्थानीय जातीको माछाको प्रवर्द्धन गर्नको लागि माछाका भुरा नदीमा छोड्ने, नदी किनारमा रहेका ठुला सार्वजनिक क्षेत्रहरुमा वृहत पोखरीहरु निर्माण गर्नको लागि सार्वजनिक नीजि अवधारणा कार्यान्वन गरिने छ। त्यसको लागि लागत सहभागिता स्वरुप रु. १ लाख ५० हजार रकम विनियोजन गरिएको छ।अवैध रुपमा माछा मार्न करेन्ट लगाउने, विषादी प्रयोग गर्ने जस्ता कार्यलाई निरुत्साहित गर्न समुदाय-प्रहरी साझेदारी र अन्तर पालिका समन्वयलाई जोड दिइनेछ।

६. पशुपालन तथा कृषि व्यवसायमा रहेको जोखिम न्युनिकरण गर्न पशु औषधि खरिद र माटो परीक्षण, विषादी खरिद एवं व्यवस्थापनको लागि रु. १० लाख बजेट विनियोजन गरिएको छ।

७. जग्गा भएका तर खेती नगर्ने जग्गा धनीलाई आफै खेती गर्न, जग्गा भाडामा दिन तथा सामूहिक खेती गर्न प्रोत्साहन गरिनेछ। भूमि बैंकको अवधारणा कार्यान्वयन गरी बाँझो जग्गालाई उत्पादनमा जोड्न प्रोत्साहन गरिनेछ।

८. कृषि व्यवसायमा प्रतिस्पर्धा भित्र्याउन, युवाहरुलाई कृषि कार्यमा प्रोत्साहन गर्न विभिन्न पाँच विधामा उत्कृष्ट हुने प्रत्येक कृषकलाई रु. २० हजार नगर प्रमुख उत्कृष्ट कृषक पुरस्कारको व्यवस्था गरेको छु।

९. स्थानीय जातका गाई, भैंसी संरक्षण एवं प्रवर्द्धन गर्न स्थानीय गाई भैंसी संरक्षणका लागि रु. ८ लाख बजेट विनियोजन गरिएको छ।

१०. स्वस्थकर पशु आयातलाई प्रोत्साहन गर्न तार्कुघाटमा पशु क्वारेन्टाइन स्थापनाका लागि अध्ययन गरिनेछ। पशु क्वारेन्टाइन स्थापनाका लागि चाहिने भेटेरीनरी डाक्टरको व्यवस्था मिलाएको छु।

११. वडा नं. ६ मा रहेको औद्योगिक ग्राम संचालन गर्न आवश्यक पूर्वाधार निर्माणका लागि संघीय सरकारलाई अनुरोध गरिनेछ। औद्योगिक ग्रामको लागि आवश्यक जग्गा यसै आ.व. भित्र प्राप्त गरिनेछ।

१२. वन पैदावरमा आधारित उद्योगलाई प्रवर्द्धन गर्न समूह सहकारीलाई दुना टपरी तालिम तथा मेशीन खरिदमा अनुदान उपलब्ध गराइनेछ। त्यसैगरी वडा नं. ९ र १० मा अधिक उत्पादन हुने सिस्नोको पाउडर उत्पादन, प्रशोधन र बजारीकरणको लागि तालिम एवं नगद प्रोत्साहन गरिनेछ।त्यसका लागि रु. १२ लाख विनियोजन गरेको छु।

१३. नगर क्षेत्रभित्रका बेरोजगार युवा जनशक्तिलाई रोजगारी उपलब्ध गराउन बाँसका हस्तकला बनाउने तालिम, गुडिया बुनाई तालिम र सिन्के धुप तालिम दिन रु. २ लाख ८० हजार बजेट विनियोजन गरेको छु।

१४. वन क्षेत्रलाई उत्पादनसँग जोड्न हरीयाली प्रवर्द्धन, काष्ठकला उद्योग प्रवर्द्धन, वन पैदावर उत्पादन गरी आय आर्जन कार्यक्रमलाई प्रवर्द्धन गर्न वन समितिहरुसँग सहकार्य गरिने व्यवस्था मिलाइएको छ।

१५. सहकारी संस्थाको जवाफदेहिता र क्रियाशिलता प्रवर्द्धन गर्न सहकारी तथा गरिबि व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) लगायतका क्षमता अभिवृद्धि तालिम सञ्चालन गरिनेछ।कृषि तथा पशुका सबै कार्यक्रमहरु समूह सहकारी मार्फत हुने व्यवस्था मिलाइएको छ । यसबाट सहकारी क्षेत्रको गतिशिलता र सक्रियता बढ्दै रोजगारी सृजना हुने विश्वास लिएको छु।त्यसका लागि रु. ५ लाख विनियोजन गरेको छु।

१६. गुणस्तरीय वस्तु सुपथ मूल्यमा नियमित रुपमा प्राप्त गर्ने नागरिकको अधिकारलाई सम्मान गर्न बजार अनुगमनलाई नियमित र प्रभावकारी बनाइनेछ । त्यसका लागि उपभोक्ता हित मञ्च गठन र जागरण अभियान सन्चालन हुने व्यवस्था मिलाएको छु।

१७. नगरको प्राथमिकताको क्षेत्र कृषि तथा पशुपालन क्षेत्रको उत्पादन लागत घटाउन, उत्पादकत्व बढाई बजार सुनिश्चित गरी कृषि पेशालाई सम्मानित एवं व्यवसायिक पेशाको रुपमा विकास गर्न उत्पादनमा आधारित प्रोत्साहन, यान्त्रिकरण, उत्पादनलाई बजारीकरण गर्न ढुवानी अनुदान, सामुहिक खेती प्रणाली, कृषि एवं पशु विमा कार्यक्रम, कृषि उपज संकलन केन्द्र, रैथाने वाली संरक्षण कार्यक्रम, नश्ल सुधार कार्यक्रम, एक वडा एक कृषि प्राविधिक, एक गाऊँ एक उत्पादनको अवधारणा कार्यान्वयनका लागि रु. २ करोड ४९ लाख बजेट विनियोजन गरेकोछु।

पर्यटन क्षेत्र

१८. नगर क्षेत्रभित्रका विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति र सभ्यतालाई आन्तरिक तथा बाह्य पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आय आर्जन र समृद्धिको आधारको रुपमा विकास गर्न नगर पर्यटन गुरु योजना तयार गरिनेछ। राइनास नगरपालिकाको प्रमुख पर्यटकीय गन्तव्यको रुपमा रहेको राइनसकोटको पूर्वाधार विकासका लागि रु. २५ लाख विनियोजन गरेको छु।

१९. नगरपालिका क्षेत्र भित्रका धार्मिक, साँस्कृतिक र ऐतिहासिक महत्वको रुपमा रहेका शिद्धबाबा मन्दिर, चक्रतिर्थ

धाम, झाँक्रीथान, पन्थेडाँडँ कालिका मन्दिर, धर्मनाथ धाम, जोगी गुफा लगायतका मठ, मन्दिर र गुम्बाको आधारभुत पूर्वाधार निर्माण सम्पन्न गर्नको लागि रु. ५१ लाख विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

अब म सामाजिक क्षेत्रसँग सम्बन्धि बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

सामाजिक क्षेत्र

२०. **हाम्रो विद्यालय हाम्रो जिम्मेवारी** भन्ने भावना जागृत गरी स्वच्छ, शान्त, वातावरणमैत्री प्रविधियुक्त गुणस्तरीय शैक्षिक वातावरणको लागि रु. २० करोड ९५ लाख विनियोजन गरेको छु। यसबाट विद्यालय हरीयाली कार्यक्रम, सूचना प्रविधीको व्यवस्था, वाल कक्षा कार्यक्रम र अतिरिक्त शैक्षिक क्रियाकलाप नियमित रुपमा सञ्चालन हुनेछ। उक्त रकममा विद्यालयका शिक्षक, कर्मचारी, सहयोगी समेतको पारिश्रमिक रकम समावेश गरिएकोछ। वालविकास तर्फका वालविकास सहजकर्ता, विद्यालय कर्मचारी र कार्यालय सहयोगीलाई संघीय सरकारले मासिक रु. २ हजार थप गरेकोमा धन्यवाद दिदै विगतमा नगरपालिकाले दिदै आएको सेवा सुविधालाई समेत निरन्तरता दिने व्यवस्था मिलाएको छु।

२१. **' एक वडा अधिकतम एक माध्यमिक विद्यालय '** अवधारणा कार्यान्वयन गर्न माध्यमिक विद्यालयलाई गाभ्ने र गाभिने प्रक्रियालाई प्रोत्साहन गर्न शैक्षिक सरोकार राख्ने सबै पेशागत संघ संगठन सहितको विज्ञ संलग्न उच्च स्तरीय शैक्षिक क्षेत्र पुनसंरचना समिति गठन गरिने छ। उक्त समितिले दिएको सुझावको आधारमा शैक्षिक पूर्वाधार निर्माण, शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक दरबन्दी मिलान लगायतका कार्यहरु सम्पादन गरिने छ।

२२. योग्य, सिपयुक्त प्राविधिक जनशक्ति विकासको लागि प्राविधिकधार संचालित विद्यालयहरुको क्षमता विकास गरिनेछ। शैलपुत्री मा. वि., शिशु विद्याश्रम मा. वि. र शौभाग्योदय मा.वि.को प्रयोगशालाहरुलाई क्रमश नगरपालिकाको पशु विज्ञान, इन्जिनियरीङ र वाली विज्ञान प्रयोगशाला र नमूना प्रदर्शनी स्थलको रुपमा स्तर उन्नती गरिनेछ। त्यसका लागि रु. ६ लाख विनियोजन गरेको छु। प्राविधिक धार अन्तरगतका विद्यालयबाट उत्पादित जनशक्तिलाई सिक्दै कमाउँदै कार्यक्रम अन्तरगत नगरपालिकाका कृषि तथा पशुपालन र इन्जिनियरीङ सेवा प्रवाहमा आवद्ध गर्न रु. ३ लाख विनियोजन गरेको छु।

२३. स्थानीय आवश्यकताको पहिचान गरी मौलिकतामा आधारित कक्षा ६ देखि ८ को नयाँ स्थानीय पाठ्यक्रम तर्जुमा गरिने छ भने कक्षा १ देखि ५ सम्मको पाठ्यक्रम परीमार्जन र प्रवोधिकरण गर्न रु. ४ लाख ५० हजार विनियोजन गरेको छु।

२४. किशोरी अवस्थाका युवतीहरुलाई विद्यालय जान प्रोत्साहन गर्न तथा रजस्वलाको समयमा समेत विद्यालयमा नियमित पठनपाठनमा संलग्न गरी शैक्षिक गुणस्तर सुधार गर्न रु. १५ लाख बजेट विनियोजन गरेको छु।

२५. वडा नं. ६ मा रहेको चण्डी प्रा.वि.को भवन मर्मत र शैलपुत्री मा. वि.को व्यवसायिक भवन निर्माण गर्न क्रमश: रु. २ लाख र ५ लाख रकम विनियोजन गरिएको छ ।

२६. एक वडा एक व्यवस्थित खेलमैदान अन्तरगत खेलमैदानको स्तरोन्नतीको लागि रु. ३१ लाख विनियोजन गरेको छु। खेल र खेलाडीमा लगानी अभिवृद्धी गरी खेलको माध्यमबाट स्वच्छ प्रतिस्पर्धाको भावना, भातृत्व र नगरपालिकाको प्रतिष्ठा अभिवृद्धि गर्न वडास्तरीय र नगरस्तरीय खेलकुद विकास समिति बनाउन कानूनी र नीतिगत आधार तयार

गरिनेछ । खेल र खेलाडीहरुको एकिकृत अभिलेख राख्ने, विभिन्न खेलको आयोजना गर्ने, खेलाडीहरुको स्तर निर्धारण गर्न र वडा स्तरीय र नगर स्तरीय विभिन्न विधाका खेलाडीहरुको टिम निर्माण गर्न रु. ७ लाख विनियोजन गरेको छु।

२७. सुनौला हजार दिनका आमा एवं बच्चाको स्वास्थ्यमा सुधार गर्न सन्तुलित पोषण सुनिश्चितता, संस्थागत प्रसुति सेवा विस्तारका लागि नगर प्रमुख गर्भवती सुत्केरी पोषण प्याकेजको सुरुवात गर्न, वडा नं. १० मा वर्थिङ सेन्टर स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

२८. कोभिड १९ बाट प्रभावित नागरिकको जिवन रक्षा गर्न तथा सङ्क्रमण न्युन बनाउन संघीय सरकारको सहयोगमा सबै उमेर समुहका नागरिकहरुलाई कोभिड खोपमा सहज पहुँच पुर्‍याइनेछ।

२९. तार्कुघाट स्वास्थ्य चौकी र धमिलिकुवा स्वास्थ्य चौकीमा रहेको प्रयोगशालालाई स्तरोन्नती गरिनेछ। त्यसका लागि आवश्यक पर्ने रियाजेन्ट र यन्त्र उपकरण खरिदको लागि रु. ३ लाख विनियोजन गरेको छु।

३०. भौगोलिक अवस्थिति, स्वास्थ्य सेवामा नागरिकको पहुँच र स्वास्थ्यकर्मीको उपलब्धता समेतको अध्ययन गरी प्राथमिकताका आधारमा शहरी स्वास्थ्य केन्द्रको स्थापना गरिनेछ। ढाँडखर्क आधारभूत स्वास्थ्य केन्द्रको सेवालाई निरन्तरता दिएको छु। भौगोलिक रुपमा विकट वडाका मुख्य वस्तीहरुमा आधारभुत स्वास्थ्य सेवामा नागरिकको पहुँच सुनिश्चितताका लागि जेष्ठ नागरिक घुम्ती स्वास्थ्य सेवा सञ्चालनमा ल्याइनेछ।

३१. नागरिकहरुमा आयुर्वेद सेवाको पहुँच पुर्‍याउन जीवनशैली व्यवस्थापन, आहार विहार व्यवस्थापन, योग, ध्यान र आयुर्वेद सम्बन्धि स्वास्थ्य शिविर र सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ। त्यसका लागि रु. ३० लाख विनियोजन गरेको छु।

३२. नगर क्षेत्र भित्रका विभिन्न जातजाती, भाषाभाषिको कला, साहित्य र संस्कृतिको संरक्षणको लागि रु. २ लाख विनियोजन गरिएको छ।

३३. नागरिकलाई सुलभ र सरल रुपमा स्वास्थ्योपचारको लागि स्वास्थ्य विमा कार्यक्रमलाई अनिवार्य रुपमा विस्तार गरिनेछ।अति विपन्न असहाय नागरिकका परिवारका सदस्यको निशुल्क स्वास्थ्य विमाको व्यवस्था गरेको छु। सहोदर सामुदायिक अस्पताललाई स्वास्थ्य विमा प्रयोजनको लागि प्रथम सम्पर्क अस्पतालको रुपमा विकास गरिनेछ।

सामाजिक सुरक्षा तथा संरक्षण

नगरवासीहरुको जनधनको सुरक्षाको प्रत्याभुत गर्न जिवनचक्रमा आधारित सामाजिक सुरक्षा र संरक्षणका देहाय अनुसारका नीति अख्तियार गरिनेछ ।

३४. नगर क्षेत्र भित्रका दीर्घ रोगबाट प्रभावित आर्थिक अवस्था कमजोर भइ उपचार गर्न कठिन भएका, प्राकृतिक एवं मानविय कारणबाट सिर्जित प्रकोपमा परी अङ्गभङ्ग भएका नागरिकको उपचारका लागि संघ तथा प्रदेश सरकारबाट सञ्चालित अस्पतालमा निशुल्क उपचारको लागि निशुल्क स्वास्थ्य विमाको व्यवस्था मिलाइएको छ। कडा रोग लागि उपचारमा कठिन भएका र प्राकृतिक एवं मानवजन्य प्रकोपमा परी घरवार विहिन भएका, अपाङ्गता भएका विपन्न नागरिकको शीघ्र उपचार, राहत, उद्धारका लागि आर्थिक सहायता उपलब्ध गराउन रु. १८ लाख विनियोजन गरेको छु। दम, प्रेसर, सुगर लगायतका दिर्घरोगहरु र अन्य रोगहरुको लागि आवश्यक पर्ने ९८ प्रकारका निशुल्क औषधिहरु दशवटै स्वास्थ्य संस्थाबाट उपलब्ध गराइनेछ । त्यसका लागि रु. ३९ लाख विनियोजन गरेको छु।

३५. राइनास नगरपालिकालाई वालवालिकाको हक हित प्रवर्द्धन, प्रतिभा प्रोत्साहन, बालमैत्री पारिवारीक एवं शैक्षिक वातावरण प्रवर्द्धन गर्दै वालमैत्री वडा घोषणा गरिनेछ। त्यसका लागि रु. २ लाख विनियोजन गरेको छु।

३६. नगरपालिका भित्रका फरक क्षमता भएका व्यक्तिहरुको क्षमता पहिचान गरी तालिम एवं सीप विकास कार्यक्रम सञ्चालन गर्नका लागि रु. ५ लाख विनियोजन गरेको छु। फरक क्षमता भएका व्यक्तिहरुको क्षमता अभिवृद्धि मार्फत रोजगारी प्रत्याभूत हुने विश्वास लिएको छु।

३७. जेष्ठ नागरिकहरुको क्षमता, सीप र अनुभवलाई नगरपालिकाको विकासमा प्रयोग गर्न जेष्ठ नागरिक मिलन केन्द्र, तनाव व्यवस्थापन, अन्तरपुस्ता सीप हस्तान्तरण र जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गर्न रु. ४ लाख विनियोजन गरेको छु।

३८. लोकतान्त्रिक जनआन्दोलन लगायत विभिन्न आन्दोलनका क्रममा सहिद भएका तथा वेपत्ता योद्धा परिवारका सदस्य र घाइते एवं अपाङ्ग व्यक्तिहरुलाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ। त्यसका लागि रु. ३ लाख विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

अब म पूर्वाधार क्षेत्रसँग सम्बन्धि बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

पूर्वाधार क्षेत्र

३९. नगरपालिकाको मेरुदण्डको रुपमा रहेको चक्रपथको टिमुरे-वोराङखोला-भँगारी-प्यारजुङ-राइनासकोट-मोहोरीयाकोट-वगुवा सडकको स्तरोन्नती गर्न संघीय सरकार र प्रदेश सरकारसँग सहकार्यका लागि पहल गरिनेछ। राइनास चक्रपथका उक्त खण्डहरुको नाली, कल्भर्ट र मोड सुधार लगायतका कार्य मार्फत बाह्रैमहिना सडक सञ्चालनका लागि रु. १ करोडको ठेक्का हुने व्यवस्था मिलाएको छु।

४०. गुणस्तरीय पिउनेपानीमा सबैको पहुँच पुर्‍याउन राइनासकोट लिफ्टिङ वृहत खानेपानी आयोजना, तार्कुघाट प्यारजुङ खानेपानी आयोजना, स्याउलीटार मङ्गलटार वृहत खानेपानी आयोजनाका लागि रु. ५० लाख विनियोजन गरेको छु।

४१. सबै नागरिकमा गुणस्तरीय, नियमित र भरपर्दो विद्युत सुविधा पुर्‍याउन नगर विद्युतीकरण कार्य सम्पन्न गर्न नगरस्तरीय विद्युत वितरण तथा पूर्वाधार नक्शाङ्कनका लागि विस्तृत अध्ययन प्रतिवेदन तयार गरिनेछ। विस्तृत अध्ययन प्रतिवेदन अनुसारको नगर विद्युतीकरणको लागि नेपाल विद्युत प्राधिकरणसँग समझदारी गरिनेछ।

४२. नगरपालिका भित्रका मुख्य सडक संरचनाहरु स्तरोन्नती गरी बाह्रै महिना सडक सुविधा पुर्‍याउन रु. ६ करोड २७ लाख विनियोजन गरेको छु।

४३. सबै वडाका वडा गौरवका योजनाहरुको स्थायी संरचना निर्माण एवं पाँच वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी योजना छनौटको व्यवस्था मिलाएको छु। त्यसका लागि प्रत्येक वडाका लागि रु. १० लाखका दरले रु. १ करोड विनियोजन गरेको छु।

४४. नगरस्तरीय अस्पतालको रुपमा निर्माणाधिन चक्रतिर्थ अस्पतालको निर्माण सम्पन्न गरी आवश्यक पूर्वाधार सहित स्वास्थ्य सेवा सन्चालनको लागि आवश्यक बजेट व्यवस्थाको लागि संघीय सरकारसँग अनुरोध गरिएको छ। धमिलिकुवा स्वास्थ्य चौकीलाई १५ शैया अस्पतालको रुपमा स्तरोन्नती गर्न रु. ३ करोड वजेट विनियोजन गरी ठेक्का वन्दोवस्तीको प्रक्रिया अगाडि बढाइनेछ।

४५. टोल सुधार समिति, आमा समूह, युवा क्लब, विद्यालय भवन, वडा कार्यालयको भवन, स्वास्थ्य संस्थाको भवन र प्रशासनिक भवन निर्माण लगायतका सरकारी एवं गैर सरकारी संघ संस्थाको निर्माणाधीन भवन निर्माण सम्पन्न गर्न रु. ७ करोड ३१ लाख विनियोजन गरेको छु।

४६. वडा नं. ३ र ७ को भवन निर्माण कार्य यसै वर्ष सम्पन्न गरिनेछ । त्यसको लागि रु. १ करोड विनियोजन गरेको छु।

४७. विपदमा परेका र विपन्न नागरिकका फुसका छाना भएका घरलाई टिनको छानामा रुपान्तरण गर्न सुरक्षित नागरिक आवास कार्यक्रम अन्तरगत रु. २६ लाख विनियोजन गरेको छु। यसबाट नगरक्षेत्र भित्रका नागरिकहरुको आवास पुननिर्माण हुने विश्वास लिएको छु।

४८. राइनास नगरपालिकाको कृषि उपज संकलन र शीत भण्डार निर्माण कार्यको लागि रु. ३५ लाख विनियोजन गरेको छु। वडा नम्बर ६ को स्याउलीमा रहेको शीत भणडारको लागि रु. १ करोड विनियोजन गरेको छु। स्याउलीमा रहेको शीत भण्डारको जग्गा प्राप्ति प्रक्रिया प्रथम त्रैमासिक भित्र सम्पन्न गरिनेछ । स्थानीय समुदाय र सहकारीसँगको साझेदारीमा कृषि उपज संकलन केन्द्रको निर्माण कार्य शुरुवात गरिनेछ।

४९. उपभोक्ता समितिबाट हुने कामलाई गुणस्तरीय, प्रतिस्पर्धी र दिगो बनाउन तथा समुदायको सार्वजनिक कार्यमा सक्रियता र चासो अभिवृद्धि गर्न उत्कृष्ट कार्यसम्पादन गर्ने एक उपभोक्ता समितिलाई नगद रु. २० हजार सहित सम्मान गर्ने व्यवस्था मिलाइएको छ।

सभाध्यक्ष महोदय,

अब म वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रसँग सम्बन्धि बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

५०. विकास र वातावरण विच सन्तुलन मिलाउन वातावरणमैत्री संरचना निर्माण र उपयोगको लागि कानूनी तथा संस्थागत आधार तयार गरिनेछ। वन वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी क्रियाकलाप सञ्चालनको लागि १ करोड ३९ लाख विनियोजन गरेको छु।

५१. नगरपालिका भित्रका वन क्षेत्रलाई उत्पादनसँग जोड्नको लागि कृषि वन कार्यक्रम कार्यान्वयन गरिनेछ । वन पैदावरमा आधारित घरेलु तथा साना उद्योग कार्यक्रमलाई जोड दिइनेछ। उत्पादन र आय आर्जन अभिवृद्धि हुने गरी जलवायु अनुकुल रुख विरुवा रोपण गर्न प्रोत्साहन गरिनेछ। त्यसका लागि आवश्यक वजेटको व्यवस्था गरेको छु।

५२. सरकारी, सार्वजनिक जग्गाहरुको एकिकृत अभिलेख तयार गरिनेछ।सार्वजनिक जग्गाहरुको संरक्षणको अभियान सुरुवात गरिनेछ। भू उपयोग नीति तयार गर्न रु. १० लाख बजेट विनियोजन गरेको छु।

५३. नगरबाट उत्सर्जन भएका फोहोरमैलाहरुको व्यवस्थापनको लागि फोहोरमैलाको वर्गिकरण, पुन प्रयोगको लागि नागरिक, समुदाय र नगरपालिकाको साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ। पुन प्रयोगमा नआउने फोहोरमैलाहरुको व्यवस्थापनको लागि फोहोरमैला व्यवस्थापन केन्द्रको लागि स्थल छनौट गरी आवश्यक पूर्वाधार निर्माण गर्न रु. ६५ लाख रकम विनियोजन गरेको छु।

५४. विपद प्रभावित क्षेत्रका नागरिकहरुको शिघ्र उद्धार, राहत, पुनस्थापना र पुन निर्माणको लागि विपद व्यवस्थापन कोषको व्यवस्था गरिएको छ। कोषको रकम कार्यविधि बमोजिम विपद पिडित नागरिकहरुको धनजनको सुरक्षाको

लागि खर्च हुने व्यवस्था गरिने छ। यसको लागि रु. ३५ लाख रकम विनियोजन गरेको छ।यो कोषमा रकम परिचालनका लागि अन्य सहयोगी हातहरुसँग समन्वय गर्ने वातावरणको लागि ठोस पहल गरिने छ।

सभाध्यक्ष महोदय,

अब म कानून तर्जुमा र कार्यन्वयनसँग सम्बन्धि बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

कानून तर्जुमा र कार्यन्वयन

५५. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय तहको एकल अधिकार र तीनै तहका साझा अधिकारको सूचीमा रहेका कार्यक्षेत्रको नियमन, सहजीकरण र प्रवर्द्धनको लागि आवश्यक कानून निर्माण गरिनेछ ।नीति तथा कार्यक्रम, बजेटले लिएका उद्देश्यहरु कार्यान्वयन गर्न आवश्यक पर्ने क्षेत्रगत कानूनहरु तयार गरिनेछ भने विद्यमान कानुनमा संशोधन र परीमार्जन गरिनेछ। त्यसको लागि विधेयक समितिको वैठक व्यवस्थापन, विज्ञसँगको परामर्श र कानून छपाइ एवं प्रकाशनका लागि रु. १० लाख विनियोजन गरेको छु।

५६. न्यायिक समितिको वैठकलाई नियमित, व्यवस्थित र विधिसम्मत बनाई शिघ्र न्यायिक निरुपण गर्न वैठक व्यवस्थापन, मेलमिलाप कर्ता अभिमुखिकरण, वृत्त चित्र निर्माण, कानूनी परामर्श सेवा खरिदको लागि रु. १२ लाख विनियोजन गरेको छु।

सभाध्यक्ष महोदय,

अब म सार्वजनिक सेवा तथा क्षमता विकाससँग सम्बन्धि बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

सार्वजनिक सेवा तथा क्षमता विकास

५७. नगरपालिकाको शासन, सेवा र विकासलाई दिगो, गुणस्तरीय र क्षेत्रगत सन्तुलन मिलाउनको लागि नगरपालिकामा स्थायी जन्म भएका विभिन्न संघ, संस्था, पेशा, व्यवसाय र विज्ञता भएका नगरवासीहरु र अन्य शुभेच्छुक विद्वत व्यक्तिहरुको राय, सल्लाह, सुझावको लागि वौद्धिक सम्मेलन गरी समग्र नगर विकासको प्राथमिकता र रोडम्याप तयार गर्ने प्रयोजनको लागि आवश्यक वजेट विनियोजन गरेको छु।

५८. सार्वजनिक सेवा प्रवाहलाई छिटो छरीतो, पारदर्शी, जवाफदेही, नागरिकमैत्री बनाउन नागरिक वडापत्र, नागरिक सहायता कक्ष, स्तनपानकक्ष, सार्वजनिक सुनुवाई र सार्वजनिक परिक्षण लगायतका व्यवस्थापकीय औजारहरु प्रयोग गरिनेछ। त्यसका लागि रु. ३२ लाख विनियोजन गरेको छु।

५९. उच्च कार्यसम्पादन भएका जनमैत्री सेवा प्रवाह गर्न तल्लीन कर्मचारीलाई पुरस्कृत गरिनेछ भने शैक्षिक गुणस्तर उत्कृष्ट बनाउन खटिएका अब्बल वालविकास, प्रा.वि. र मा.वि. तहका शिक्षक एवं कर्मचारीलाई पुरस्कृत गरिनेछ।त्यसका लागि रु. ३ लाख विनियोजन गरेकोछु।

६०. नगर विकासको आधारको रुपमा रहेको आवधिक योजना आगामी आ.व को प्रथम चौमासिक भित्र निर्माण सम्पन्न गरिनेछ। आवाधिक योजना, मध्यकालिल खर्च संरचना, लैङ्गिक उत्तरदायी बजेट र राजश्व सुधार योजना तयार गर्न रु. ७ लाख विनियोजन गरेकोछु। वडा कार्यालय, विषयगत समिति र बुद्धिजिवि एवं विषय विज्ञबाट पेश भई आएका योजनाहरुको आयोजना बैंक (Project Bank) तयार गर्ने व्यवस्था मिलाइएको छ।

६१. सेवा प्रवाहलाई प्रविधीमैत्री बनाउन वेभसाइट स्तरोन्नती, डिजिटल नोटिस वोर्ड, डिजिटल नागरिक सेवा सन्तुष्टि

सर्वेक्षणको प्लेटफर्मको व्यवस्था गरिनेछ । सबै प्रकारका राजश्व र भुक्तानी अनलाइन प्रणालीमा आधारित बनाइनेछ। वडा कार्यालयहरुको सेवा प्रवाहलाई छिटो छरीतो बनाउन आवश्यक पूर्वाधारको व्यवस्था मिलाइनेछ।हेल्प डेक्स, स्तनपानकक्षको व्यवस्था गरिनेछ।

६२. नगरका निर्वाचित जनप्रतिनिधी र कर्मचारीलाई नागरिक प्रति उत्तरदायी बनाउन नगर प्रमुख साप्ताहिक रेडियो सम्वाद कार्यक्रम संचालन हुने व्यवस्था मिलाइएको छ। उप्रमुख महिला सम्वाद कार्यक्रम संचालन हुने व्यवस्था मिलाइएको छ।

६३. नगरपालिकाको आन्तरिक आय, संघीय सरकारले पारिश्रमिकमा गरेको बढोत्तरीका कारण उच्च मनोवलका साथ कार्यसम्पादन गर्न सेवा करारमा रहेका कर्मचारीलाई विद्यमान तलबमानमा औषतमा ८ प्रतिशत बृद्धि गरिने छ। कर्मचारी तालिम तथा क्षमता अभिवृद्धि तालिमका लागि रु. ५ लाख विनियोजन गरिएकोछ।

६४. त्रैमासिक रुपमा सार्वजनिक सुनुवाइ गरी पारदर्शी सेवा प्रवाहलाई प्रवर्द्धन गरिनेछ। मुख्य बस्तीहरुमा नगर सूचनापाटीको स्थापना र स्थानीय रेडियोसंगको साझेदारी मार्फत नगरका सम्पूर्ण सूचना एवं सन्देशहरु नागरिक समक्ष पुर्‍याउन रु. ५ लाख विनियोजन गरेको छु।

६५. योजनाको गुणस्तर सुनिश्चित गर्न योजनाको निरन्तर र संघन अनुगमनलाई जोड दिइनेछ ।उपभोक्ता समितिबाट हुने योजनाको समेत गुणस्तर परीक्षण गरिने व्यवस्था मिलाइएको छ।

सभाध्यक्ष महोदय,

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि वजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु।

६६. आगामी आर्थिक वर्षका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न ५९ करोड ३९ लाख १४ हजार रकम विनियोजन गरिएको छ। कूल विनियोजन मध्ये चालु तर्फ ३७ करोड २० लाख अर्थात ६३ प्रतिशत र पूँजीगत तर्फ २२ करोड १९ लाख अर्थात ३७ प्रतिशत रहेको छ।

६७. आगामी आ. व. का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये राजश्वबाट १ करोड २६ लाख, संघीय सरकार अनुदानबाट ४७ करोड ५० लाख, प्रदेश सरकारबाट २ करोड २४ लाख, राजश्व वाँडफाँडबाट ७ करोड ४२ लाख जुटाइनेछ । राजश्व परीचालन र अन्तर सरकारी वित्त हस्तान्तरण मार्फत परीचालन हुने अनुदान समेत नपुग हुने खुद ९७ लाख गत वर्षको जिम्मेवारी सारिने रकमबाट व्यहोरिने छ ।

६८. नगर प्रमुखज्यूबाट पेश भएको नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि मैले पेश गरेको बजेट तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने आर्थिक विधेयक, विनियोजन विधेयक यसै सभामा पेश गरेको छ।वजेट तथा कार्यक्रमलाई नतिजामुखि बनाउन नियमित समिक्षा हुने व्यवस्था मिलाइएको छ। गत आ.व. २०७८/७९ को हाल सम्मको प्रगति प्रतिवेदन यसै सभामा पेश गरिएको छ।

६९. नागरिकहरुको विकासको चाहना पुरा गर्न, वित्तिय अनुशासन कायम गर्न, बजेट कार्यान्वयनमा संलग्न व्यक्ति एवं संस्थालाई वजेट कार्यान्वयन प्रति उत्तरदायी बनाउन चालु आ.व. मा कार्य सम्पादन नभई बाँकी रहेका सबै योजनाका बजेटहरु फ्रिज हुने व्यवस्था मिलाएको छु।

सभाध्यक्ष महोदय,

अब म राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

राजश्व प्रणाली तथा कर प्रशासन

नागरिकको विकास प्रतिको उच्च मागलाई सम्बोधन गर्न आवश्यक स्रोत जुटाउन र सबैलाई विकास अभियानको हिस्सेदार बनाउन प्रगतिशिल कर प्रणाली मार्फत आन्तरीक स्रोत अभिवृद्धि गर्न हाम्रो कर हाम्रै विकास र समृद्धिका लागि भन्ने अभियान सन्चालन गरिने छ । कराधार तथा कर प्रशासन सुधार सम्बन्धी नीति तथा कार्यक्रम देहाय अनुसार प्रस्तुत गरेको छु ।

७०. मालपोत एवं भूमिकर (सम्पत्ति कर) लाई भूमिको उपयोगिता, उत्पादकत्व, पूर्वाधार विकासको अवस्था, भौगोलिक विकटता समेतको आधारमा न्यायोचित सम्पत्ति कर संकलन गर्ने व्यवस्था मिलाइएको छ।

७१. व्यवसाय करलाई व्यवसायको पूँजी, लगानी, आय, उत्पादन र वातावरणमा पार्ने प्रभाव समेतको आधारमा प्रगतिशिल कर नीति अपनाइनेछ । सबै प्रकारका पेशा, व्यापार, व्यवसाय र उद्योगलाई करको दायरामा ल्याउन कर चेतना कार्यक्रम, करदाता शिविर जस्ता कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइएको छ। यसबाट कर संकलन र कर परिपालनामा अभिवृद्धि हुने विश्वास लिएको छु।

७२. विद्युतीय शासनलाई प्रोत्साहन गर्न कर प्रशासनलाई अनलाइन प्रणालीमा लगिनेछ । भुक्तानी प्रणालीलाई छिटो छरीतो र सोझै सेवाग्राहीको खातामा रकम जम्मा हुने गरी विद्युतीय भुक्तानी प्रणाली कार्यान्वयनमा ल्याइनेछ ।

७३. वार्षिक रुपमा तिर्नुपर्ने सबै कर अग्रिम रुपमा प्रथम त्रैमासिक भित्र भुक्तानी गरेमा १० प्रतिशत छुट दिने व्यवस्था मिलाइएको छ।

७४. निर्माणमुखी पदार्थको उत्खनन र विक्रि वितरणलाई व्यवस्थित गर्न राजश्व संकलन ठेक्का प्रक्रियाबाट हुने व्यवस्था मिलाइनेछ।निर्माणमुखी पदार्थको संकलन एवं विक्रि वितरण गर्ने व्यवस्थालाई अनिवार्य रुपमा दर्ता हुने र वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेको क्षेत्र र परिमाणमा उत्खनन् हुने व्यवस्था मिलाइनेछ।

अन्त्यमा, यस गरिमामय समारोहमा पेश गरिएको बजेट तथा कार्यक्रममा सुझाव, पृष्ठपोषण दिनुहुने आदरणीय नगर प्रमुखज्यू, राजनीतिक दल, पुर्व जनप्रतिनिधिज्यूहरु, पेशाविद, उद्योगी तथा व्यवसायी, बौद्धिक जगत, विकास साझेदार, करदाताहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु र सम्पूर्ण नगरवासीहरुलाई हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।संघ तथा प्रदेश सरकार प्रति समेत हार्दिक आभार प्रकट गर्दछु।बजेट तथा कार्यक्रम तर्जुमामा प्रत्यक्ष रुपमा संलग्न हुनुहुने प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विषयगत समितिका संयोजकज्यूहरु, सम्पूर्ण सभासद्ज्यूहरु, विभिन्न विषगत शाखा प्रमुखहरु लगायत कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यो बजेट तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबै राजनीतिक दल, पूर्व जनप्रतिनिधीहरु, कर्मचारीहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु र सबै नगरबासी आमा बुबा दाजुभाई, दिदीबहिनीहरुबाट सक्रिय सहभागिताको अपेक्षा समेत गरेको छु।

धन्यवाद।

पुष्पराज खनाल
नगर उप-प्रमुख

आर्थिक ऐन, २०७९

राइनास नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७९

नगर सभाबाट स्वीकृत मिति: २०७९/०३/२२

प्रस्तावनाः राइनास नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम राइनास नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम 'आर्थिक ऐन, २०७९' रहेको छ।

२. **लागु हुने क्षेत्रः** यो ऐन २०७९ साल श्रावण १ गते देखी राइनास नगरपालिका क्षेत्रमा लागू हुनेछ।

३. **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्रको जग्गा र घरको अनुसूची (४) बमोजिम एकिकृत सम्पति (घर/जग्गा कर) कर लगाइने र असूल उपर गरिनेछ । सम्पत्ति कर गणना गर्ने प्रयोजनको लागि नगरपालिका क्षेत्रभित्रको सडकका आसपासका जग्गाहरुको न्युनतम मुल्याङ्कन अनुसूचि (३) बमोजिम हुनेछ । अनुसूची ४ मा उल्लेख भए बमोजिम सम्पत्ति कर लगाइने कर असूल उपर गरिनेछ ।

४. **घर बहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएमा अनुसूचि (१) बमोजिम घर जग्गा बहाल कर लगाइने र असूल उपर गरिनेछ।

५. **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र उद्योग, व्यापार, व्यवसाय र पेशा वा सेवामा गरिने पूँजी, लगानी र आर्थिक कारोवारका आधारमा अनूसुचि (२) बमोजिम ब्यवसाय कर असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगर कार्यपालिका भित्र कुनै ब्यक्ति वा संस्थाले उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (१) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (१) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

८. **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची (१) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।

तर, प्रदेशको कानुन स्वीकृत भई सो कानुनमा अन्यथा ब्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय र सेवामा अनुसूचि (१) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१०. **बहाल बिरौटी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (१) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिरौटी शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. **पार्किङ शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ, कायोकिङ, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लयार र र्‍याफ्टीङ शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिड, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र र्‍याफ्टीङ सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (२) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

१३. **सेवा शुल्क,दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची (१) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१४. **पर्यटन शुल्कः** नगरपालिकाले अफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूबाट अनुसूची (१) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

तर अनुसूची (१) मा कर छुट हुने व्यवस्था भएमा सोही अनुसार हुनेछ ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यबिधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन उद्योग, वाणिज्य र कर प्रशासन सम्बन्धी कार्यविधि, २०७८ ले तोकेअनुसार हुनेछ।

अनुसुची-१

आ.व. २०७९/८० को विभिन्न सिफारिस, दरखास्त फारम दस्तुर, घर नक्शा पास दस्तुर, कान्जी हाउस दस्तुर, फोहोरमैला संकलन तथा सरसफाई शुल्क, सवारी पार्किङ शुल्क, वार्षिक सवारी कर, प्राकृतिक स्रोत उपयोग कर, विज्ञापन कर, घर बहाल कर, पर्यटन शुल्क सम्बन्धी विवरण

क्र.सं.	विवरण	चालु आ.व. २०७९/८० को प्रस्तावित दर रु.	कैफियत
१	**सिफारिस**		
१.१	नाता प्रमाणित नेपालीमा	४००	
१.२	नाता प्रमाणित अङ्ग्रेजीमा	१०००	
१.३	प्रमाणपत्रको प्रमाणिकरण नेपालीमा/अङ्ग्रेजीमा	२००/४००	
१.४	घरजग्गा नामसारी र अन्य मालपोत सम्बन्धी सिफरिस		
१.५	मध्ये पहाडि लोकमार्गको वरीपरी १ कि. मि. सम्म	प्रति रोपनी रु. १२० र न्युनतम ५ रोपनी भन्दा कम भएमा रु. ५००	
१.६	धमिलिकुवा चोकदेखि टिमुरे मार्गको वरीपरी १ कि. मि. सम्म	प्रति रोपनी रु. ११० र न्युनतम ५ रोपनी भन्दा कम भएमा रु. ४५०	
१.७	टिमुरे देखि बोराङ खोला मार्गको वरीपरी १ कि. मि. सम्म	प्रति रोपनी रु. १०० र न्युनतम ५ रोपनी भन्दा कम भएमा रु. ४००	
१.८	हर्राबोट देखि मोहरीयाकोट प्यारजुङ बोराङ वरीपरी ५०० मि. सम्म	प्रति रोपनी रु. ९० र न्युनतम ५ रोपनी भन्दा कम भएमा रु. ३५०	
१.९	कच्ची मोटरबाटो भएको वसोवासयोग्य समथर भुभागको ५०० मि. वरीपरी सम्म	प्रति रोपनी रु. ८० र न्युनतम ५ रोपनी भन्दा कम भएमा रु. २००	
१.१०	कच्ची मोटरबाटो भएको वसोवासयोग्य भीरपाखा भुभागको ५०० मि. वरीपरी सम्म	प्रति रोपनी रु. ६० र न्युनतम ५ रोपनी भन्दा कम भएमा रु. २००	
१.११	बसोवास योग्य बाटो नभएको/भिरपाखा	प्रति रोपनी रु. ५० र न्युनतम ५ रोपनी भन्दा कम भएमा रु. २००	
१.१२	खेतीयोग्य बाटो नभएको समथर खेत	प्रति रोपनी रु. ७० र न्युनतम ५ रोपनी भन्दा कम भएमा रु. २५०	
१.१३	खेतीयोग्य बाटो नभएको भरपाखो	प्रति रोपनी रु. ५० र न्युनतम ५ रोपनी भन्दा कम भएमा रु. २००	
२	पति पत्नीको सम्बन्ध बिच्छेदको सिफारिस	१०००	
३	पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस	५००	
४	हकवाला संरक्षण सम्बन्धी सिफारिस	१५००	
५	संघ/संस्था दर्ता एवं नविकरण सम्बन्धी सिफारिस	१५००/१०००	
६	खानेपानी मुहान दर्ता/नवकिरण/विलम्ब शुल्क प्रति वर्ष	२०००/१०००/५००	

काठ दाउराको सिफारिस			
७	कटानी प्रति क्युव फिट कुकाठ/ सुकाठ	१००/३००	
८	निकासी प्रति क्युव फिट सुकाठ	५००	
९	वंशजको नागरिकता सम्बन्धी सिफारिस	२५०	
१०	अंगिकृत नागरिकता सम्बन्धी सिफारिस	१०००	
११	प्रतिलिपि नागरिकता सिफारिस	३००	
१२	चार किल्ला प्रमाणित सिफारिस	प्रति कित्ता रु. ५०० त्यसपछि रु. १०० का दरले थप	
१३	सनाखतको सिफारिस	२००	
१४	जन्म मृत्यु सम्बन्धी सिफारिस	३००	
१५	स्थायी बसोबास सम्बन्धी सिफारिस	३००	
१६	नाम, थर, जन्म मिति संशोधन सिफारिस	५००	
१७	सर्जमिन शुल्क	१०००	
१८	अमिन शुल्क (कच्ची र पक्की सडक) ३ रोपनीसम्मको	१०००	
१९	अमिन शुल्क ३ रोपनी भन्दा माथि प्रति रोपनी	१००	
विद्यूत जडान सम्बन्धी सिफारिस			
२०	आर.सी.सी. पक्की घर	१०००	
२१	अन्य घर	२००	
२२	टेलिफोन तथा इन्टरनेट जडान सम्बन्धी सिफारिस	२००	
२३	निजी धारा जडान सम्बन्धी सिफारिस (कच्ची घर/पक्की घर)	२००/५००	
२४	चारित्रिक सिफारिस	५००	
२५	प्लटिङ सेवा शुल्क २ रोपनी सम्म/सो भन्दा माथि ५ रोपनी सम्म/५ रोपनी भन्दा माथि प्रति रोपनी	५०००/८००० र प्रति रोपनी २००० का दरले	
२६	विद्युत, टेलिफोन, खानेपानी सम्बन्धी नामसारी सिफारिस	३००	
२७	उद्योग स्थापना सिफारिस (लघु तथा घरेलु/साना/ मझौला/ठुला)	१०००/१५००/५०००/१००००	
२८	छात्रवृत्ति/अपाङ्गता/आर्थिक सहायता/निशुल्क सेवा सम्बन्धी सिफारिस	निशुल्क	
२९	सिफारिसको प्रतिलिपी	१००	
३०	**अन्य सिफारिस**	३००	
भवन निर्माण/अभिलेखिकरण दरखास्त फाराम			
३१	पक्की घर निर्माणको	१०००	

३२	कच्ची घर निर्माणको	४००	
३३	पक्की/कच्ची घर अभिलेखिकरण	१०००/४००	
३४	पति पत्नीको सम्बन्ध विच्छेद प्रमाण पत्र	१०००	
३५	परीक्षा सम्बन्धी दरखास्त फाराम शुल्क अधिकृतस्तर/ अन्य तह	१०००/५००	
३६	सोझै दर रेट मागी खरिद (कोटेशन) फाराम शुल्क	५००	
३७	शिलवन्दी दर भाउ पत्र	नियमानुसार	
३८	बोलपत्र फाराम शुल्क	नियमानुसार	
३९	निवेदन नक्कल प्रति पाना	कार्यालयले दिएमा रु.२०/आफैंले सारेमा रु.१०	
४०	घरपालुवा कुकुर दर्ता र नवीकरण दस्तुर	३००/१००	
४१	भरुवा बन्दुक नवीकरण दस्तूर	१५००	
४२	घर निर्माण नक्शाको नक्कल दस्तुर	५००	
४३	घर नक्सा संशोधन शुल्क (प्रति वर्ग फुट रु.)	५	
४४	मिलापत्र दस्तुर प्रति पक्ष	५००	
४५	न्यायिक समितिमा उजुरी निवेदन दर्ता दस्तुर	२००	
सम्पत्ति, दायित्व, आय व्यय र रोजगारीको अवस्था प्रमाणित			
ऋण र वैदेशिक रोजगारका लागि प्रमाणित गर्नु पर्ने भएमा			
४६	रु १ देखि रु. ५ लाख सम्म	५००	
४७	रु ५ देखि रु. १० लाख सम्म	१०००	
४८	रु १० लाख १ देखि रु. २० लाख सम्म	२०००	
४९	रु २० लाख १ देखि रु. ३० लाख सम्म	३०००	
५०	रु ३० लाख १ देखि रु. ४० लाख सम्म	४०००	
५१	रु ४० लाख १ देखि रु. ५० लाख सम्म	५०००	
५२	रु. ५० लाखभन्दा बढी प्रत्येक १० लाखमा	५०० का दरले थप हुँदै जाने	
स्वदेशी तथा वैदेशिक अध्ययनको लागि प्रमाणित गर्नु पर्ने भएमा			
५३	रु १ लाख देखि २० लाख सम्मको	१५००	
५४	रु. २० लाख १ देखि रु. ३० लाख सम्म	२०००	
५५	रु. ३० लाख १ देखि रु. ५० लाख सम्म	३०००	
५६	रु. ५० लाख भन्दा बढी प्रत्येक १० लाखमा	३०० का दरले थप हुँदै जाने	
आय प्रमणित गर्दा तपशिलको मुल्यको आधारमा दस्तुर लिने			
५७	५ लाख रुपैया सम्म	५००	

५८	५ लाख देखी १० लाख रुपैया सम्म	१०००	
५९	१० लाख देखी २० लाख रुपैया सम्म	२०००	
६०	२० लाख देखी ५० लाख रुपैया सम्म	३०००	
६१	५० लाख देखी १ करोड रुपैया सम्म	४०००	
६२	१ करोड भन्दा माथी	५०००	
घर नक्शा पास दस्तुर			
भौतिक संरचनाको विवरण			
६३	आर. सी. सी. फ्रेम स्ट्रक्चर (प्रति वर्ग फुट)	७	
६४	सिमेन्टको जोडाईमा इट्टा वा ढुङ्गाको गारो (न्युनतम २३ से.मी. मोटाई) आर.सी.सी. टायल जस्ता छाना (प्रति वर्ग फुट)	२	
६५	माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता पाता, स्लेट छाना, (प्रति वर्ग फुट)	१	
घर नक्सा अभिलेखिकरण (निश्चित तोकिएको अवधि भित्र गरिने)			
६६	आर. सी. सी. फ्रेम स्ट्रक्चर (प्रति वर्ग फिट)	१०	
६७	सिमेन्टको जोडाईमा इट्टा वा ढुङ्गाको गारो आर.सी. सी. टायल जस्तापाता छाना (प्रति वर्ग फिट)	४	
६८	माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो वा सिमेन्टको जोडाईमा इट्टा, स्लेट छाना (प्रति वर्ग फिट)	१	
६९	२ वर्ष भित्र घर सम्पन्न प्रमाण पत्र नलिएमा विलम्ब शुल्क प्रति वर्ष नक्सा पास दस्तुरको	१० प्रतिशत थप	
७०	नक्सा पास प्रमाण पत्रको प्रतिलिपी कच्ची/पक्की	५००/१०००	
घर कायम			
७१	आर. सी. सी. फ्रेम स्ट्रक्चर	२०००	
७२	अन्य घर	५००	
कान्जी हाउस दस्तूर			
७३	कान्जीहाउसमा पशु राख्दा घाँसपानी परालको खर्च सम्बन्धित पशु धनीले नै व्यहोर्नु पर्नेछ	प्रति पशु प्रति दिन रु. १००	
७४	कान्जी हाउसमा पशु समाती थुन्ने कर्मचारीलाई २५% र अन्य व्यक्तिलाई ३५% प्रतिशत पुरस्कार स्वरुप दिइनेछ।		
७५	कान्जी हाउसमा थुनेको पशू सोही दिन लिन नआएमा प्रतिदिन १० प्रतिशतका दरले थप जरिवाना लाग्नेछ र अन्यको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार हुनेछ।		

७६	कान्जी हाउसमा पशु समाती थुने पछी सो पशुलाई हेरचाह गर्ने कर्मचारीलाई १५% प्रतिशत थप सुविधा दिइनेछ।		
फोहोरमैला संकलन तथा सरसफाई शूल्क			
७७	आंसिक रुपमा सरसफाई हुने क्षेत्रमा मासिक	१००	
७८	नियमित रुपमा सरसफाई हुने सफा सडक र राजमार्ग क्षेत्र बाहेक मासिक	२००	
७९	नियमित रुपमा सरसफाई हुने क्षेत्र सफा सडक र राजमार्गमा मासिक	३००	
८०	ठुला होटल, नाई, हस्पिटल, विद्यालय तथा कलेज, ग्यारेज, हार्डवयर, खाजा घर, किराना पसल, मिल, ढुङ्गा उद्योग, कुखुरापालन, बंगुरपालन, माछा मासु पसल, तरकारी तथा फलफुल पसल, फर्निचर उद्योग तथा क्लिनिक व्यवसायहरुको मासिक	२००	
८१	ठुला होटल, नाई, हस्पिटल, वोर्डिङ स्कुल, ग्यारेज, हार्डवयर, खाजा घर, किराना पसल, मिल, ढुङ्गा उद्योग, फर्निचर उद्योग तथा क्लिनिक व्यवसायहरु बाहेकका सामान्य घरका लागि मासिक	१००	
सवारी पार्किङ शुल्क			
८२	ठुला सवारी साधन प्रति घण्टा	५०	
८३	साना सवारी साधन प्रति घण्टा	२०	
८४	मोटरसाइकल	१०	
कर			
भुमीकर/ मालपोत (सम्पत्ती कर) प्रयोजनको लागि सडकले छोएको जग्गा र सोको न्यूनतम मूल्याङ्कन विवरण अनुसूची ३ मा संलग्न छ।			
८५	सम्पत्ती करको मूल्याङ्कन अनुसूची ४ बमोजिम हुनेछ।		
छुट, जरीवाना तथा अन्य			
८६	एक वर्षको बक्यौतामा लाग्ने रकमको ५ प्रतिशत थप		
८७	एक वर्ष भन्दा वढीको बक्यौतामा लाग्ने रकमको ५ प्रतिशत थप		
बार्षिक सवारी कर			
८८	बस, ट्रक, लहरी	१०००	
८९	मिनीबस, ट्रक, (६ पांग्रे)	८००	
९०	मिनीबस, ट्रक, (चार पांग्रे)	७००	
९१	भाडाको कार जीप	५००	
९२	निजी कार, भ्यान, जिप, पिकअप भ्यान	४००	

९३	ट्याक्टर ठुलो ४० हर्षपावर भन्दा माथि	५००	
९४	ट्याक्टर सानो ४० हर्षपावर भन्दा कम	४००	
९५	स्कुटर मोटरसाइकल	१००	
९६	रिक्सा, अटो रिक्सा, मोपेड	२००	
९७	सफा टेम्पो	२००	
९८	गोरु गाडा	१००	
९९	पावर टेलर	२००	
१००	लोडर, डोजर र एक्साभेटर (भ्याकुम)	५०००	
पटके सवारी कर			
१०१	बस, ट्रक	५०	
१०२	लहरी (६ टायरभन्दा बढी)	५०	
१०३	ट्याक्टर ठुलो (४० हर्षपावरभन्दा बढी)	४०	
१०४	मिनी बस, ट्रक	४०	
१०५	निजी कार, भाडा कार	३०	
१०६	ट्याम्पो	२०	
१०७	विदेशी बस ट्रक	२००	
१०८	विदेशी लहरी (६ टायरभन्दा बढी)	२००	
१०९	विदेशी मिनी बस, ट्रक	१५०	
११०	विदेशी कार/ट्याक्सी	१००	
प्राकृतिक श्रोत उपयोग कर			
वालुवा			
१११	प्रति टयाक्टर	८००	
११२	प्रति टिप्पर	२०००	
गिट्टी, ढुङ्गा, ग्रावेल आदि			
११३	प्रति टयाक्टर	५००	
११४	प्रति टिप्पर	१५००	
११५	कटिङ्ग ढुङ्गा	५००	
११६	छपनी सादा ढुङ्गा	५००	
११७	कटिङ्ग ढुङ्गा	५००	
११८	छपनी सादा ढुङ्गा	५००	
११९	कट पिस ढुङ्गा (नयाँ)	५००	
१२०	मोटो ढुङ्गा (नयाँ)	५००	

१२१	कालीमाटी र रातो माटो (ट्रक)	२००/३००	
१२२	कालीमाटी र रातो माटो (ट्याक्टर)	२००/३००	
१२३	कालीमाटी र रातो माटो (पावर टेलर)	२००/३००	
विज्ञापन करको दर			
१२४	परीचय मात्र उल्लेख भएको २×३ को साइनवोर्ड, ग्लोवोर्ड, होडिङवोर्ड, स्टल आदिमा शूल्क नलाग्ने	०	
१२५	२×३ भन्दा बढीको साइनवोर्ड, ग्लोवोर्ड, होडिङवोर्ड, स्टल आदिमा प्रति वर्ग फूट रु	२००	
१२६	तुल व्यानर एक हप्ताको लागि	२००	
१२७	तुल व्यानर एक हप्ता भन्दा बढी एक महिना सम्म	४००	
१२८	पोल व्यानर एक हप्ता भन्दा बढी एक महिना सम्म	६००	
मनोरञ्जन कर			
१२९	स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ (१) ग बमोजिम प्रदेश सरकारले निर्धारण गरे अनुसार हूने।		
घर बहाल कर			
१३०	संघ संस्था, सरकारी कार्यालय, गोदाम भाडामा दिने	१० प्रतिशत	
१३१	अन्य प्रयोजनको लागि		
१३२	हाट बजार, पसल, छप्पड र सटर बहाल शुल्क	नगरपालिकाले तोके अनुसार	
१३३	पशुपन्छी शाखा दर्ता शुल्क प्रति गोटा	२५	
१३४	कुकुर, विरालो, बादर, खरायो	१५	
१३५	गाई, भैसी, घोडा, खच्चड	१०	
१३६	भेडा, वाख्रा, सुँगुर, र बंगुर	५	
१३७	कुखुरा, हाँस, टर्की,	५००	
१३८	नगरस्तरीय पार्क एवं उद्यानमा प्रवेश शुल्क प्रति पटक	५०	
१३९	वडास्तरीय पार्क एवं उद्यानमा प्रवेश शुल्क प्रति पटक	३०	
१४०	धार्मिक एवं पर्यटकिय स्थलमा प्रवेश शुल्क प्रति पटक	३०	

क. नगरपालिकाको आन्तरिक आय वृद्धि गर्न नगरपालिका भित्र रहेका सवै किसिमका उद्यमी, व्यापारी, व्यवसायीहरुलाई नगरपालिकाको करको दायरामा ल्याउनको लागि ब्यवसाय दर्ता सम्बन्धि कार्यबिधि अनुसार सबै प्रकारका ब्यापारी, व्यवसायीहरूलाई करको दायरामा ल्याउन सिफारिस गर्ने निर्णय गरियो।

ख. नगरपालिका भित्रका सवै व्यापारी व्यवसायीहरुमा मूल्यमा एकरुपता, गूणस्तरिय वस्तुको विक्रि वितरण गर्न र मिश्रीत व्यापारलाई निरुत्साहित गर्न नगर उद्योग वाणिज्य संघका पदाधिकारी सहितको अनुगमन समिति गठन गरि कार्यक्रम सञ्चालन गर्न सिफारिश गर्ने निर्णय गरियो।

ग. नगरपालिका भित्र मादक पदार्थ र सूर्तिजन्य वस्तु विक्रि वितरणमा निगरानी वढाई समाजमा फैलिएको विकृतिलाई

नियन्त्रण गर्न नेपाल प्रहरीको समेत सहयोग लिई व्यवस्थित वनाउन सिफारिश गर्ने निर्णय गरियो।

घ. नगरपालिका भित्रका सम्पत्ती कर दाताहरुको स्रेस्ता प्रत्येक वडामा राख्नको लागि सिफारिस गर्ने निर्णय गरियो।

ङ. वडा कार्यालयबाट नगरपालिका अन्तर्गतका कार्यालय समक्ष गरिएको सिफारिसमा, अनुदान प्रयोजनको लागि गरिने सिफारिस तथा आर्थिक सहायता सिफारिसमा शुल्क नलाग्ने निर्णय गरियो।

च. पुँजीको आधारमा कर लिंदा सरकारी कार्यालयमा दर्ता हुनका लागि आवश्यक न्यूनतम वा सरकारी कार्यालयबाट प्राप्त व्यवसायिक प्रमाणपत्रमा उल्लेख भएको पुँजी मध्ये जुन बढी छ त्यसैलाई आधार मानी ब्यवसाय कर निर्धारण गरिनेछ। व्यवसाय दर्ता वा नविकरण गर्दा अनिवार्य रुपमा चालु पुँजी उल्लेख गर्नुपर्नेछ।

छ. नगरपालिका क्षेत्रभित्र कारोवार गर्ने वित्तीय संस्थाहरु, सुपर मार्केट, व्यवसायिक प्रतिष्ठानहरु, बिमा कम्पनीहरु, सहकारी लगायत अन्य व्यवसायहरुको हकमा विभिन्न स्थानमा शाखा कार्यालयहरु भएमा प्रत्येक शाखा कार्यालयहरुलाई छुट्टै व्यवसाय मानि तोकिएको दरमा नै व्यवसाय कर तिर्नुपर्ने छ।

ज. कुनै पनि व्यवसायको कारोबार नभएमा वा उक्त व्यवसाय बन्द गर्नुपरेमा नगरपालिका वा सम्बन्धित वडा कार्यालयमा निवेदन दिई तोकिएको कर तथा शुल्क तिरेर मात्र व्यवसाय बन्द गर्न सकिनेछ।

झ. उद्योग, ग्रिल, फर्निचर, व्यवसाय, वर्कसप, कवाडी व्यवसाय, पशुपंक्षीपालन आदिजस्ता मानव तथा वातावरण सँग प्रत्यक्ष सरोकार राख्ने व्यवसायहरुलाई स्थलगत सर्जमिन मुचुल्का गराई मात्र व्यवसाय दर्ता गरिनेछ।

ञ. गाई भैंसीको प्रति ए. आई. रु. ५०० को २५ प्रतिशत राजश्व संचित कोष दाखिला गरिने छ भने ७५ प्रतिशत राजश्व कर्मचारीको अतिरिक्त समयमा गरिने सेवा र यातायत खर्च वापत प्रोत्साहन गरिनेछ।

ट. वन उपभोक्ता समिति, नहर उपभोक्ता समितिले वार्षिक आम्दानीको ५% रकम नगरपालिकालाई बुझाउनु पर्नेछ।

ठ. सम्बत २०७९ असोज मसान्तसम्म घर नक्शा पास नगरी कच्ची तथा पक्कीघर निर्माण गरेका नगरवासीले घर नक्शा अभिलेखिकरण गर्न निवेदन गरेमा सो वापत लाग्ने राजश्वमा २० प्रतिशत छुट दिइनेछ।

ड. **सम्पत्ति तथा आय प्रमाणित:** नगरपालिकाले तत्काल धितो मूल्यांकन गरेको सिफारिसको पूनः नवीकरण गर्नुपर्दा जुन प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको १० प्रतिशत राजश्व लिइनेछ।

ढ. **एकिकृत सम्पत्ति कर:** कुनै कारणवश जग्गाको आधिकारिक प्रमाण पत्र नभएको जग्गामा र त्यस्ता जग्गामा वनेको घरमा एकिकृत सम्पत्ति कर नलाग्ने तर त्यसको विवरण नगरपालिकाले वर्षेनी अध्यावधिक गरिराख्नु पर्ने भएकोले त्यस्ता जग्गामा बनेको घरको हकमा एकिकृत सम्पत्ति कर नलाग्ने भएता पनि नगरपालिकाको अन्य सेवा सुविधा प्राप्त भएको हुनाले रु. २०००।- सेवा शुल्क लाग्नेछ।

ण. प्रत्येक आर्थिक वर्षमा वुझाउन पर्ने एकिकृत सम्पत्ति कर सोही आ.व.को. असोज मसान्त भित्र बुझाएमा लाग्ने कर रकममा १० (दश) प्रतिशत छुट हुनेछ।

त. निर्माण जन्य पदार्थको उत्खनन तथा विक्रि वितरण सम्बन्धी कर गण्डकी प्रदेशले निर्धारण गरे अनुसार हुनेछ।

अनुसुची-२

आ.व. २०७९/८० को व्यवसाय दर्ता, नविकरण र व्यवसाय कर सम्बन्धी विवरण

क्र. सं.	व्यवसायको किसिम	व्यवसाय दर्ता दस्तुर	व्यवसाय नविकरण दस्तुर	वार्षिक व्यवसाय कर		
				क वर्ग	ख वर्ग	ग वर्ग
१	**ब्यापारिक वस्तु**			**५० लाख भन्दा बढी पूँजी लगानी भएका वा डिलर**	**२५ लाख देखि ५० लाख सम्म पूँजी लगानी भए**	**२५ लाख भन्दा कम पूँजी लगानी भएका**
१.१	डिपार्टमेन्टल स्टोर्स	२०००	१०००	६०००	४०००	२०००
१.२	ज्वेलरी, सुन, चाँदी पसल	२०००	१०००	६०००	४०००	२०००
१.३	इलेक्ट्रिक्स, इलेक्ट्रोनिक्स र विद्युतीय सामग्री/उपकरण पसल	१५००	१०००	६०००	४०००	२०००
१.४	इट्टा, ढुङ्गा, गिट्टी, वालुवा, सिमेन्ट, छड, पेन्ट, स्यानिटरी, प्लम्बिङका सामान लगायतका निर्माण सामग्री बिक्रि केन्द्र/डिपो आदि	३०००	१५००	१००००	६०००	३०००
१.५	पेट्रोलियम पदार्थ/पेट्रोल पम्प	५०००	२०००	१५०००	१००००	५०००
१.६	सवारी साधन, लुब्रीकेन्टस र पार्टस बिक्रि केन्द्र आदि	२०००	१०००	५०००	४०००	३०००
१.७	फर्निचर, फर्निसिङ्ग, मेसिनरी तथा मेसिनरी पार्टस् बिक्रि पसल	२०००	१०००	५०००	४०००	३०००
१.८	सवै किसिमका औषधि पसल	१५००	१०००	३०००	२०००	१०००
१.९	दैनिक उपभोग्य खाद्य पदार्थ बिक्रि पसल	१५००	१०००	३०००	२०००	१५००
१.१०	कपडा, कस्टमेटिक, भाँडा, जुत्ता पसल आदि	२०००	१०००	६०००	४०००	२०००
१.११	उनी धागो पसल	२०००	१०००	३०००	२०००	१५००
१.१२	स्टेशसनरी तथा पुस्तक पसल	२०००	१०००	३०००	२०००	१५००
१.१३	क्युरियो/सौभिनियर पसल	२०००	१०००	५०००	३०००	२०००
१.१४	फलफूल, सागसब्जी, माछा मासु बिक्रि पसल	२०००	१०००	३०००	२०००	५००
१.१५	मदिरा विक्रि पसल	३०००	२०००	५०००	३०००	२०००

१.१६	मोटरसाइकल विक्रि पसल	५०००	३०००	५०००	४०००	३०००
१.१७	साइकल विक्रि पसल	३०००	१५००	४०००	३०००	१५००
१.१८	चार पाङ्ग्रे सवारी साधन विक्रि पसल	१००००	५००००	५०००	४००००	३००००
१.१९	पशु औषधि विक्रि पसल	२०००	१०००	३०००	२०००	१०००
१.२०	विज भण्डार तथा विक्रेता पसल	२०००	१०००	३०००	२०००	१०००
१.२१	मोवाइल टावर राखेको	१००००	५०००	१५०००	१००००	५०००
१.२२	रसायनिक मल तथा किटनाशक औषधि विक्रि पसल	२०००	१०००	३०००	२०००	१०००
१.२३	चस्मा पसल	५०००	३०००	३०००	२०००	१५००
१.२४	सिरक तथा डसना तयारी एवं विक्रि पसल	२०००	१५००	३०००	२०००	१०००
१.२५	जडिवुटी तथा आयुर्वेद औषधि पसल	२०००	१०००	३०००	२०००	१०००
१.२६	अन्य ब्यापारिक वस्तु	२०००	१०००	५०००	३०००	१५००
२	**विषेशज्ञ सेवा**			**१० लाख भन्दा बढी पूँजी लगानी भएका संस्थागत एवं व्यक्तिगत सेवा/फर्म**	**५ लाख देखि १० लाख सम्म पूँजी लगानी भएका संस्थागत एवं व्यक्तिगत सेवा/फर्म**	**५ लाख भन्दा कम पूँजी लगानी भएका संस्थागत एवं व्यक्तिगत सेवा/फर्म**
२.१	चिकित्सकीय सेवा	५०००	२०००	६०००	४०००	३०००
२.२	इन्जिनियरीङ सेवा	५०००	२०००	६०००	४०००	३०००
२.३	सेयर अभिकर्ता, कानून ब्यवसाय, लेखापढी, विज्ञापन, लेखापरीक्षक, मेनपावर सप्लायर्स, पेन्टर, सर्भेयर, क्राफ्टिङ्ग, कार्भिङ्ग आदि	३०००	१५००	३०००	२०००	१५००
२.४	ज्योतिष परामर्श सेवा	३०००	१५००	३०००	२०००	१५००
२.५	लेखापरीक्षण सेवा	३०००	१५००	५०००	४०००	३०००
२.६	दन्त सेवा	३०००	१५००	३०००	२०००	१५००
२.७	अनुसन्धान, सर्भेयर, अनुवादक आदि	३०००	१५००	४०००	३०००	२०००

३	**सेवा ब्यवसाय**			**१ करोड भन्दा बढी पूँजी लगानी भएका संस्थागत एवं व्यक्तिगत सेवा/फर्म**	**५० लाख देखि १ करोडसम्म पूँजी लगानी भएका संस्थागत एवं व्यक्तिगत सेवा/फर्म**	**५० लाख भन्दा कम पूँजी लगानी भएका संस्थागत एवं व्यक्तिगत सेवा/फर्म**
३.१	निर्माण ब्यवसाय	८०००	५०००	१५०००	१००००	५०००
३.२	ढुवानी सेवा	३०००	१५००	८०००	५०००	२०००
३.३	यातायात सेवा	३०००	१५००	८०००	५०००	३०००
३.४	ब्युटि पार्लर, मसाज, शैलुन, पेन्टिङ्ग आदि	२०००	१५००	८०००	५०००	१५००
३.५	पार्टि प्यालेस, टेन्ट हाउस, क्याटरिङ्ग आदि	३०००	२०००	१००००	७०००	४०००
३.६	केवल, इन्टरनेट, एफ एम, रेडियो, कम्युनिकेशन, आदि	३०००	२०००	८०००	६०००	४०००
३.७	फोटो स्टुडियो	२०००	१५००	६०००	४०००	१५००
३.८	रेस्टुरा, खाजा घर, मिठाई पसल,	२०००	१०००	४०००	३०००	२०००
३.९	दुध दही पसल आदि	२०००	१५००	३०००	२०००	१०००
३.१०	सर्टिङ्ग/सुटिङ्ग टेलरिङ्ग	३०००	२०००	३०००	२०००	१०००
३.११	सिलाई कटाई सेवा	२०००	१५००	३०००	२०००	१०००
३.१२	सवारी साधन/विद्युतिय उपकरण/मेशिनरी औजार मर्मत केन्द्र	३०००	२०००	५०००	४०००	३०००
३.१३	रियल स्टेट/आवासीय घर निर्माण तथा विक्रि	५०००	३०००	१००००	८०००	५०००
३.१४	पुल हाउस, जिम, साउना आदि	३०००	१५००	१००००	७०००	४०००
३.१५	ट्राभल, टुरीजम, टिकट घर	२०००	१५००	६०००	४०००	२०००
३.१६	होम स्टे सेवा	३०००	२०००	५०००	३०००	२०००
३.१७	आर्ट, कला कृति लेखन तथा प्रकासन	३०००	२०००	५०००	३०००	२०००
३.१८	कवाडी संकलन तथा प्रशोधन पसल	२०००	१०००	३०००	२०००	१५००
३.१९	नृत्य कला केन्द्र	२०००	१०००	३०००	२०००	१५००
३.२०	प्राकृतिक चिकित्सा सेवा	२०००	१०००	३०००	२०००	१५००
३.२१	अन्य सेवा	२०००	१५००	५०००	३०००	१५००

४	उद्योग			५ करोड भन्दा बढी पूँजी लगानी भएका उद्योग	१ करोड देखि ५ करोड सम्म पूँजी लगानी भएका उद्योग	१ करोड भन्दा कम पूँजी लगानी भएका उद्योग
४.१	स्थानीय कच्चा पदार्थ उपयोग गरि संचालित इट्टा उद्योग	१००००	५०००	३००००	२००००	१००००
४.२	ब्लक उद्योग	८०००	३०००	१५०००	१००००	५०००
४.३	पानी उद्योग	५०००	३०००	१५०००	१००००	५०००
४.४	वालुवा, ढुङ्गा जस्ता खानी जन्य पदार्थ प्रसोधन गर्ने उद्योग	१००००	५०००	३००००	२००००	१००००
४.५	पर्यटन मूलक उद्योग (होटल, लज, रिसोर्ट, ट्राभल एजेन्सी आदि,)	४०००	२०००	५०००	४०००	३०००
४.६	केबुलकार, जीपलाइन, बन्जी जम्प, स्कीङ्ग, प्याराग्लाईडिङ्ग, आदि	५०००	३०००	१५०००	१००००	५०००
४.७	र्‍याफ्टिङ, बोटिङ	५०००	३०००	१००००	५०००	३०००
४.८	उत्पादन मूलक उद्योग, ह्युमपाईप, प्यानल,	६०००	३०००	१५०००	१००००	५०००
४.९	उत्पादन मूलक ग्रील उद्योग	३०००	२०००	१००००	७०००	३०००
४.१०	कागज, छापाखाना उद्योग	५०००	३०००	१५०००	१००००	५०००
४.११	चलचित्र उद्योग	५०००	३०००	१५०००	१००००	५०००
४.१२	उत्पादन मूलक प्लाई उड, काठ उद्योग आदि)	५०००	३०००	१५०००	१००००	५०००
४.१३	औषधि उद्योग	१००००	५०००	२५०००	१५०००	१००००
४.१४	कृषिमा आधारित उद्योग चामल मिल, विस्कुट, वेकरी,	२०००	१०००	१००००	५०००	२०००
४.१५	कृषिमा आधारित उद्योग ह्याचरी उद्योग, दाना उद्योग आदि	५०००	३०००	१००००	८०००	५०००
४.१६	डेरी उद्योग, आदि	३०००	२०००	१००००	५०००	३०००
४.१७	शित भण्डार आदि	५०००	३०००	१००००	५०००	३०००
४.१८	माटोको भाँडा बनाउने उद्योग	३०००	२०००	५०००	४०००	३०००
४.१९	अन्य उद्योग	३०००	१५००	७०००	५०००	३०००

५	**वित्तीय सेवा**					
५.१	बैंक, विकास बैंक/फाईनान्स र लघुवित्त संस्थाको मुख्य कार्यालय	५०००	३०००	१५०००	१००००	५०००
५.२	बैंक, विकास बैंक/फाईनान्स र लघुवित्त संस्थाको शाखा कार्यालय	३०००	१५००	८०००	५०००	४०००
५.३	विमा कम्पनी	३०००	१५००	८०००	५०००	४०००
५.४	वचत तथा ऋण सहकारी तथा बहुउद्देश्यीय सहकारी र मुद्रा सटही	३०००	२०००	५०००	४०००	३०००
५.५	कृषि सहकारी	२०००	१५००	४०००	३०००	२०००
६	**स्वास्थ्य सेवा**			**१ करोड भन्दा बढी पूँजी लगानी भएका**	**५० लाख देखि १ करोड सम्म पूँजी लगानी भएका**	**५० लाख भन्दा कम पूँजी लगानी भएका**
६.१	निजी क्षेत्रवाट संचालित नर्सिङ्ग होम तथा अस्पताल र सामुदायिक अस्पताल	५०००	३०००	८०००	६०००	४०००
६.२	क्लिनिक तथा ल्याव, फिजियोथेरापी	४०००	२०००	६०००	४०००	२०००
६.३	अन्य स्वास्थ्य सेवा	३०००	१५००	५०००	३०००	१५००
७	**शिक्षा सेवा**			**उच्च शिक्षा**	**माध्यमिक तह**	**आधारभूत तह**
				१ करोड भन्दा बढी पूँजी लगानी भएका	**५० लाख देखि १ करोड सम्म पूँजी लगानी भएका**	**५० लाख भन्दा कम पूँजी लगानी भएका**
७.१	**संस्थागत विद्यालय**					
७.२	दर्ता र स्तर बृद्धि प्रा.वि	५०००	४०००	६०००	४०००	३०००
७.३	दर्ता र स्तर बृद्धि नि.मा.वि.	१००००	७०००	१००००	७०००	५०००
७.४	दर्ता र स्तर बृद्धि मा.वि. सो भन्दा माथि	१५०००	८०००	१५०००	१००००	८०००
७.५	भाषा प्रशिक्षण	२०००	१५००	६०००	४०००	३०००
७.६	तालिम केन्द्र तथा अन्य शैक्षिक सेवा	३०००	२०००	८०००	६०००	४०००

८	**कृषि व्यवसाय**					
८.१	व्यवसायिक कुखुरा पालन					
	१००० भन्दा कम व्यवसायिक कुखुरा पालन	२०००	१५००	६०००	४०००	२०००
	५००० सम्म व्यवसायिक कुखुरा पालन	३०००	२०००	८०००	६०००	४०००
	१०००० सम्म व्यवसायिक कुखुरा पालन	५०००	३०००	१२०००	१००००	८०००
	१०००० भन्दा माथि व्यवसायिक कुखुरा पालन	८०००	५०००	३००००	२५००००	२०००००
८.२	व्यवसायिक भेडा/बाख्रा पालन					
	१०० भन्दा कम व्यवसायिक भेडा वाख्रा पालन	१५००	१०००	३०००	२०००	१०००
	१०० भन्दा बढि व्यवसायिक भेडा वाख्रा पालन	३०००	२०००	६०००	४०००	२०००
८.३	व्यवसायिक बङ्गुर पालन					
	५० भन्दा कम व्यवसायिक बङ्गुर पालन	३०००	१५००	६०००	४०००	२०००
	५० भन्दा बढि व्यवसायिक बङ्गुर पालन	४०००	२०००	८०००	६०००	४०००
८.४	व्यवसायिक गाई/भैंसी पालन					
	३ भन्दा बढी व्यवसायिक गाई/भैंसी पालन	१५००	१०००	३०००	२०००	१०००
	१० भन्दा बढि व्यवसायिक गाई/भैंसी पालन	३०००	१५००	४०००	३०००	२०००
८.५	व्यवसायिक कालिज/बट्टाई/ टर्की/अस्ट्रिच पालन					
	१०० भन्दा कम व्यवसायिक कालिज/बट्टाई/ टर्की/अस्ट्रिच पालन	३०००	१५००	६०००	४०००	३०००
	१०० भन्दा बढि व्यवसायिक कालिज/बट्टाई/ टर्की/अस्ट्रिच पालन	६०००	४०००	१००००	८०००	६०००
८.६	व्यवसायिक माछा पालन	२०००	१५००	४०००	३०००	२०००
८.७	व्यवसायिक मौरी पालन तथा मह प्रशोधन	२०००	१५००	४०००	३०००	२०००

८.८	व्यवसायिक फलफूल खेती/ अन्नबाली खेती/मसला वाली खेती/	१५००	१०००	३०००	२०००	१०००
८.९	नर्सरी तथा फलफुल विरुवा उत्पादन तथा विक्रि वितरण	१५००	१०००	४०००	३०००	२०००
८.१०	व्यवसायिक चिया/कफि/ अलैंची/टिमुर	१५००	१०००	४०००	३०००	२०००

अनुसुची-३

आ.व. २०७९/८० को विभिन्न सडकले छोएका आसपासका जग्गाको न्युनतम मूल्याङ्कन दर

वडा नं. १

क्र. सं.	सडकको नाम	प्रति रोपनी मुल्याङ्कन रकम रु.
१	साविक भलायखर्क ३ र ४ को साहिलीटार-घिमिरेगाउँ-ढकालटोल मोटरबाटोको दायाँवायाँको ३० मिटर सम्मको मूल्य	४०००००
२	साविक भलायखर्क ३ र ४ को नहरडिल साहिलीटार बोराङखोला मोटरबाटोको दायाँवायाँको ५० मिटर सम्मको मूल्य	२००००००
३	साविक भलायखर्क ३ र ४ को नहरडिल साहिलीटार बोराङखोला मोटरबाटोको दायाँवायाँको ५० मिटर पार भए पछीको जग्गाको मूल्य	७०००००
४	साविक भलायखर्क ८ र ९ को बोराङखोला-भंगारी-बोराङ मोटरबाटोको दायाँवायाँको ३० मिटर सम्मको मूल्य	३०००००
५	साविक भलायखर्क ४ बोराङखोला देखि पाँडेबेसी बोराङखोला जोड्ने पुलसम्मको मोटरबाटोको दायाँवायाँको ३० मिटर सम्मको मूल्य	६०००००

सि. न.	जग्गाको किसिम	खेत तर्फ				पाखो तर्फ			
		अब्बल	दोयम	सिम	चाहार	अब्बल	दोयम	सिम	चाहार
१	साविक भलायखर्क ३ र ४	१०००००	८५०००	७५०००	७०००००	७००००	६००००	५६०००	४७०००
२	साविक भलायखर्क ३ र ४	१४५०००	१३००००	१०२०००	९७०००	९७०००	८८०००	७००००	६५०००

वडा नं. २

क्र. सं.	सडकको नाम	प्रति रोपनी मुल्याङ्कन रकम रु.
१	साविक भलायखर्क १ मा पर्ने बोराङखोला जाने बाटोको दायाँवायाँको ५० मिटर सम्मको मूल्य	२००००००
२	साविक भलायखर्क ३ र ४ को नहरडिल साहिलीटार बोराङखोला मोटरबाटोको दायाँवायाँको ५० मिटर पार भएपछीको जग्गाको मुल्य	७०००००
३	साविक वडा नं १, २, ६, ७ मा पर्ने साहिलटार मजुवा भलायखर्क पन्थेडाँडा आठस्वारा सम्मको बाटोको दायाँवायाँको ३० मिटर सम्मको मूल्य	३०००००
४	साविक वडा नं १, २, ५ मा पर्ने बराहीटार घडेरी गाउँ सिम्ले सडकको दायाँवायाँको ३० मिटर सम्मको मूल्य	३०००००
५	साविक वडा नं ६ र ७ मा पर्ने लाकुरी भञ्ज्याङ गराफाँट सडकको दायाँवायाँको ३० मिटर सम्मको मूल्य	२५००००
६	साविक वडा नं ७ मा पर्ने पन्थेडाँडा तिनघरे सडकको दायाँवायाँको ३० मिटर सम्मको मूल्य	२०००००

वडा नं. ३

क्र. सं.	सडकको नाम	प्रति रोपनी मुल्याङ्कन रकम रु.
१	डाँडाखर्क पारी गाउँबाट खत्रीगाउँ दानेश्वारा जानेबाटोको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	३०००००
२	बुरबुरे देखि लामपाटा सडक क्षेत्रको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१००००००
३	लामपाटा-ढाँडखर्क बेसी सडक क्षेत्रको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	६०००००
४	लाम्पाटा देखि ढाँडखर्क बेसी क्षेत्र सडक क्षेत्रको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	७०००००
५	भेडीखर्क गैरीगाउँ सडक क्षेत्रको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२०००००
६	गैरीगाउँ-छाप/आलेगाउँ सडक क्षेत्रको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	४०००००
७	नौविसे चोकबाट नौविसे कुलो सडक क्षेत्रको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२००००००
८	टिमुरे भित्री मोटरबाटो दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१००००००
९	जेठाक ढलौटा सडक क्षेत्रको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	८०००००
१०	ज्यामिरे गाउँ भित्र सडक क्षेत्रको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२०००००
११	जेठाक मजुवावगर सडक क्षेत्रको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१२०००००
१२	धमिलिकुवा बोराङखोला सडकको दायाँवायाँको जग्गाको ५० मिटर सम्मको मूल्य	२५०००००
१३	नौविसे कुलो थापा गाउँ बोरीबोटे सडक खण्डको दायाँ वायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	७०००००
१४	कमलबोटे सडक खण्डबाट सान्ले हुँदै साठीमुरे सडकको दायाँ वायाँ जग्गाको ३० मिटर सम्मको मूल्य	१५०००००
१५	ढाँडखर्क पारीगाउँबाट खत्री गाउँ दानेश्वारा जाने बाटोको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२०००००

वडा नं. ४

क्र. सं.	सडकको नाम	प्रति रोपनी मुल्याङ्कन रकम रु.
१	नेबोटे पूलबाट चम्पावती नदी जाने सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१६०००००
२	बर्राबोटे हुँदै चम्पावती नदी जाने सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२००००००
३	सातविसे हुँदै बुर्बुरे सम्मको सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२४०००००
४	सातविसे हुँदै एक्ले पुलसम्मको सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२००००००
५	सातविसे हुँदै बिमिरे सम्मको सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२००००००
६	सातविसे हुँदै अम्बोटे सम्मको सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२००००००
७	मूलसडक हुँदै टारी सम्मको सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२००००००

८	मूलसडक हुँदै बोगटी बगैँचा सम्मको सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२४०००००
९	बोगटी बगैँचा हुँदै चक्रतिर्थधाम सम्मको सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१६०००००
१०	पोखरी बगैंचा हुँदै झहरे सम्मको सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१६०००००
११	पोखरी बगैंचा हुँदै नहर सम्मको सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२००००००
१२	कुसुण्डे हुँदै नहर सम्मको सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१८०००००
१३	बोरा गाउँ सम्मको बाटोको दायाँवायाँ ३० मिटर सम्मको मूल्य	२०००००
१४	उपल्लो टारीबाट चिसापानी बोराङ सडकको दायाँवायाँ ३० मिटर सम्मको मूल्य	५०००००
१५	धमिलिकुवा देखि बोराङखोला सडकको ४ नं. वडाको खण्डको आसपासको जग्गाको ५० मिटर सम्मको मूल्य	२५०००००

वडा नं. ५

क्र. सं.	सडकको नाम	प्रति रोपनी मुल्याङ्कन रकम रु.
१	धमिलीकुवा टिमुरे सडकको ५ नं. वडाको खण्डको दायाँवायाँको जग्गाको ५० मिटर सम्मको मूल्य	२५०००००
२	मैयाडी प्रतिक्षालय, स्वास्थ्य चौकी हुदै ओखले जाने सडकको दायावायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१५०००००
३	माछापोखरी चोक हुदै कैनटार सम्म जाने मोटरबाटो दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२००००००
४	आयुवेर्दिक चोक हुदै आयुवेर्दिक औषाधलय जाने मोटरबाटो दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२००००००
५	कैनटार तीनमुखे गल्ली नहरडिल सम्म जाने सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१५०००००
६	स्याउली, कुमालगाउँ हुदै तीनपिप्ले जाने सडकबाटोको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१६०००००
७	नहरमाथी मोटरबाटोले नछोएको जग्गाको मूल्य	५०००००
८	नहरमाथी मोटरबाटोले छोएको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१००००००
९	जलबिरे, तीनपिप्ले हुदै बसान्तवती जाने सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२००००००
१०	आहाले, बनौटी, बालुवाटार हुदै ल्होसे जाने सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१५०००००
११	बालुवाटार देखि नहरडिल सम्म जाने मोटरबाटोको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१५०००००
१२	नहरमुनि मोटरबाटोले नछोएको खेतको मूल्य	५०००००
१३	नहरमुनि मोटरबाटोले नछोएको पाखोबारीको मूल्य	८०००००

१४	तीनपिप्ले कालामाटा हुदै बिरौटाटोल सम्म जाने मोटरबाटोको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२००००००
१५	सहिद बिल बहादुर कुमाल चोक हुँदै सार्केटार जाने बाटोको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	८०००००
१६	प्रशासनिक भवन भैरीकुने चिप्लेटी बेलौते जलविरे पुल सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१२०००००
१७	कुमालगाउँ आमा समुह भवन ढाँडीको बगैंचा चुरेटे खोला घुमाउने सडकको दायाँ वायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	८०००००

वडा नं. ६

क्र. सं.	सडकको नाम	प्रति रोपनी मुल्याङ्कन रकम रु.
१	चालीसे– खहरे -गैरीगाउँ– लुपुगाउँ सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१००००००
२	धमिलीकुवा - चैसेटारी - चेपे सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	११०००००
३	सार्कीकाटे चौतारो - वालुवा हुदै राम टाउको जोड्ने सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१५०००००
४	नाइसर खोला देवी स्थान चेपे सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१००००००
५	नारीनघाट पुलबाट छुटेको वस्ती सम्मको मोटरबाटोको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१००००००
६	मिश्रको गल्ली पुल निर्माणको रिङरोड जोड्ने सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१००००००
७	मंगलटार गैरीस्वाँरा ढोक्से हुदै चेपे जाने मोटरबाटोको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	११०००००
८	फुलवारी सार्की चौतारो थानी मन्दिर जाने मोटरबाटोको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	८०००००
९	मेजरगाउँ पाठकगाउँ ढकाल दिही हुदै चालिसे जोड्ने मोटरबाटोको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	८०००००
१०	स्याउली वजार भित्रीबाटो आँपचौर जाने बाटोको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	११०००००
११	दालफाँट फोक्सीङ चेपे सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१५०००००
१२	फोक्सीङ गिरीगाउँ वडानं. ५ जोड्ने मोटरबाटोको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	८०००००
१३	लोकमार्ग पाण्डेगाउँ ईट्टा भट्टा हुदै सालफेदी मोटरबाटोको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१५०००००
१४	गौलीटार वालुवा मरनघाट सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१५०००००
१५	भट्टमार्ग रिङरोडको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२००००००
१६	सेतुमार्ग सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	२००००००

१७	चिलुवाल गाउँ पाठकगाउँ सडकको दायाँवायाँको जग्गाको ३० मिटर सम्मको मूल्य	१८०००००
